Jana Aakash National Weekly

# जन आकाश

Jana Aakash National Weekly

राष्ट्रिय साप्ताहिक

वर्ष-१४ , अंक- १६, २०७८ साल कार्तिक ३० गते मंगलबार (Nov 16, 2021) www.janaakash.com.np मूल्य रु १०।-



जन आकाश मिडिया प्रा.लि.बाट प्रशारित

www.janaakash.com.np

अनलाइन सञ्चालन भइरहेको हुँदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठकवर्ग लगायत महानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जन आकाशको बार्षिकउत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, संघसंस्थाहरुले सम्पर्क राख्न अनुरोध गरिन्छ ।

सम्पर्क: ४१६७५७८ (बागबजार)

मोबाइल: ९८६१५८८४५६

Email: jana.news2065@gmail.com


## न्यायालय क्षेत्र त छैन विवाद मुक्त अन्त कहाँ होला

काठमाडौ । नेपालको न्यायालय क्षेत्रमा यतिवेला विवादले उग्र रुप लिइरहेको छ । त्यसै विषयलाई लिएर न्यायालयका बेन्चहरु विवादमा छन् । त्यसैगरी बार एशोसिएसन विवादमा छ । यसले नेपालको राजनीतिक अस्थिरतामा देश जादैछ भन्ने देखाउछ । यो विवाद देश र जनताको हितमा छैन । संविधानले लिपीबद्ध गरेका कानुनलाई कार्यन्वयन गर्ने निकाय अदालत अर्थात न्यायालय हो । यो सम्मानीय निकायलाई जनताको विश्वास रहेको हुन्छ ।

यति गरिमा बोकेको निकायमा समेत यस्तो विवाद भएपछि अन्त कुन निकाय बाँकी रहेको होला र नेपालको बिधि विधान, पद्धती काहाँ लागु होला भनेर नागरिकहरुले आश्चार्य मान्नु स्वभाविक भएको छ । त्यस्तै आश्चार्य लाग्ने गरी अदालतका छेउछाउमा महिनौदेखि विवाद गर्दै रणमैदान बनाउदै वकिल, न्यायाधिसहरु कुटाकुट गरेको दृष्यले नेपालको प्रतिष्ठामा आच त पुऱ्याएको छ नै नेपालको अन्तराष्ट्रिकयस्तरमा साख गिराएको छ । यसका जिम्मेवारहरु को हुन ईतिहाँसले खोज्ने नै छ ।




नेपालको बारमा देखिएको विवादले अझै व्याक्ति विशेषको जस्तो देखिएको तर प्रष्टसँग जनतालाई बुझाउन नसकिएको बिषय हो । पक्ष र बिपक्षमा लडाइ गराएर मज्जा लिने शक्तिहरुलाई त्यस वार अर्थात न्यायालयमा भइरहेको विवादले फाइदा गरेको होला तर समग्रमा देशलाई हित गरेको छैन ।

कयौ मुद्दाहरु प्रभावित भएका छन् ।

हजारौ हजार न्यायाको प्रतिक्षामा रहेका मुद्दाहरु ओझेलमा राखेर जिम्मेवार न्यायाधिस, वकिलहरु विवादमा अल्झीदा न्यायायको प्रतिक्षामा बसेका नागरिकहरुलाई देश नभएका नागरिकहरु जस्तो भान भएको सेवाग्रहीहरुको आक्रोश आउन थालिसकेको छ ।

त्यसैले पनि होला बारमा छिरेर अन्य साधारण नागरिकहरुले पनि आक्रमण गर्ने पऱ्यास गरेको त्यसैगरी न्यायालयको सर्वोच्च निकायले विवादको मुल बिषय के हो त्यस बिषयलाई वार्ता सहकार्य गरेर कमिकमजोरी भएका छन् भने तुरुन्तै सच्याउनु पर्छ भने कुनै कमिकमजोरी नै भएका छैनन् भने विवाद निकालेका बिद्रोही पक्षको कुरालाई मिथ्या सावित हुनेगरी जनता माझमा आउनु बाँकी ६ पृष्ठमा

## भक्तपुर उद्योग वाणिज्य संघको अध्यक्षमा शिवप्रसाद मानन्धर

काठमाडौं । भक्तपुर उद्योग वाणिज्य संघको अध्यक्षमा शिवप्रसाद मानन्धर चयन भएका छन् । संघको ३४ औं साधारणसभा तथा अधिवेशनबाट मानन्धर अध्यक्ष चयन भएका हुन् । निवर्तनमा वरिष्ठ उपाध्यक्ष स्वत: अध्यक्ष हुने संघको प्राबधान अनुसार यसअघि वरिष्ठ उपाध्यक्ष रहेका मानन्धर स्वत: अध्यक्ष चयन भएका हुन् । संघको वरिष्ठ उपाध्यक्षमा रोशनीमैयाँ धौबन्जा निर्वाचित भएकी छिन् भने उनका प्रतिस्पर्धी महेश धौबन्जालाई पराजित भएका छन् । संघको उपाध्यक्ष (साधारण) तर्फ कृष्णमुरारी न्यौपाने निर्वाचित



भएकी छिन् । प्रतिस्पर्धी राजन श्रेष्ठलाई पराजित गरी न्यौपाने साधारणतर्फको उपाध्यक्ष निर्वाचित भएकी हुन् । अन्य सबै पदमा सर्वसम्मत चुनिएका हुन् ।

यसअघि उपाध्यक्ष (वस्तुगत)तर्फ राजेन्द्रप्रसाद प्रजापति, उपाध्यक्ष (एसोसियट) तर्फ गणेशहरि प्रजापति, महासचिव दिनेश गोसाई, सचिव विश्वरम दुवाल र कोषाध्यक्षमा सचिन्द्र प्रधानांग सर्वसम्मत भएका छन् ।

साथै सदस्यहरुतर्फ अमरबहादुर मानन्धर, श्रृषिकेश श्रेष्ठ, गोकर्ण न्यौपाने, गौतम सुजखू, नविन प्रजापति, नरेश सुकुपायो, पृथ्वीभक्त प्रजापति, रञ्जित मारिखू, राजेश त्वानाबासु (राजु) र रुकेश रञ्जित सर्वसम्मत रुपमा चुनिएका थिए । साथै सदस्य (वस्तुगत)तर्फ श्यामप्रसाद बाँकी ६ पृष्ठमा

## कांग्रेसको अधिवेशन अन्तिम तयारीमा

काठमाडौँ । पटक-पटक कार्यतालिका परिवर्तन गरी पछिल्लोपटक मंसिर २४ देखि २६ सम्म महाधिवेशन गर्ने कार्यतालिका बनाएको नेपाली कांग्रेसले महाधिवेशनको सम्पूर्ण तयारी पूरा



भएको जनाएको छ ।

कांग्रेस केन्द्रीय निर्वाचन समितिका संयोजक महादेवप्रसाद यादवले अब कार्यतालिकामा कुनै हेरफेर नहुने र निर्धारित समयमै अधिवेशन सम्पन्न गर्न सबै जिल्लामा निर्वाचन अधिकृत खटाइएको बताएका छन् ।

महाधिवेशनको तयारीबारे छलफल गर्न कांग्रेस केन्द्रीय समिति बैठक पनि यही कात्तिक २८ गते आइतबार बस्दै छ । बैठकले महाधिवेशनका लागि विभिन्न उपसमिति बनाउने तथा महाधिवेशनमा प्रस्तुत हुने विभिन्न प्रतिवेदनहरू तयार पार्न संयोजकहरू तोक्ने बताइएको छ ।

निर्वाचन समितिले भदौ १८ देखि तल्लो तहको अधिवेशन प्रक्रिया अघि बढाए पनि आन्तरिक विवादका कारण अवरुद्ध भएपछि कात्तिक २७ देखि पुन: प्रक्रिया अघि बढाएको छ । महाधिवेशनको प्रक्रिया नै शुरु नभएको १४ जिल्ला सिन्धुपाल्चोक, डोल्पा, बाँके, कैलाली, सुर्खेत, सप्तरी, सिराह, धनुषा, महोत्तरी, सर्लाही, बारा, पर्सा, रसुवा र रौतहटमा २७ गतेदेखि वडा अधिवेशन हुँदै छ ।

यसअघि रसुवा र रौतहटको क्रियाशील विवाद कायमै रहेकाले अन्योल थियो । पछिल्लो समय रसुवाको विवाद टुंग्याएको कांग्रेसले रौतहटको विवाद पनि टुंग्याएको छ । निर्वाचन समितिका संयोजक यादवका अनुसार बुधबार रौतहट जिल्लाको क्रियाशील सदस्य सूची सार्वजनिक भएको छ । हालसम्म कांग्रेसको ४६ जिल्लामा पालिकासम्मको बाँकी ६ पृष्ठमा


## देशभरी सन्देश जाओस भनेर राष्ट्रिय लोकगीत प्रतियोगिता राखेका हौं : मेयर

काठमाडौ । गोकर्णेश्वर नगरपालिकाको सहकार्य र सुनखरी



मल्टिमिडिया सामाजिक संस्थाद्धारा आयोजित राष्ट्रिय लोक दोहोरी प्रतियोगिताको कार्यक्रममा प्रमुख अतिथिसमेत रहेका गोकर्णेश्वर नगरपालिकाका मेयर सन्तोष चालिसेले राष्ट्रिय लोक दोहोरी प्रतियोगितालाई नगरपालिकाले गर्न पाउदा अत्यन्तै गौरव लागेको नेपाली संस्कृति लोप हुदै जान लागेको हुनाले नेपाली संस्कृतिलाई सम्बर्धन गर्न, र विदेशी संस्कृतिलाई परास्त गर्न नगरपालिकाले यस्ता कार्यक्रम आयोजना गदै गइरहेको र देशभरी यो सन्देश जाओस भनेर गएको बर्षहरुवाट नै आफुहरुले यो कार्यक्रम गदै आएको बताउनु भएको हो । उहाले नेपाली लोक दोहोरीमा पनि सन्देश मुलक हुनुपर्नेमा जोड दिनुभएको थियो ।

त्यसैगरी उपमेयर शान्ति नेपालले पनि नेपाली बाँकी ६ पृष्ठमा

‘मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।’– *मोहन कार्की*

## सम्पादकीय

### नेपालका राजनीतिक पार्टीहरुको महाधिवेशनले के उपलब्धि हासिल गर्ला

नेपालका राजनीतिक पार्टीहरुको महाधिवेशनको रौनक यति बेला बढेको छ । जताततै अधिवेशनका लर्को मात्र देखिन्छ । नेपली काँग्रेसको गाउँ, वडा, पालिका, नगरपालिका, जिल्ला अधिवेशन अधिकाँस ठाउँमा सकेको छ । केही केही विवाद भएका ठाउँवाहेक त्यसैगरी नेकपा (एमाले) को पनि गाउँ, वडा, पालिका, जिल्ला, अधिवेशन सकिसकेको छ । केही विवाद रहेका जिल्लावाहेक त्यसैगरी राप्रपा पार्टीको पनि गाउँ, वडा, पालिका सकिसकेको छ भने जिल्ला पनि सकेको छ । तर महाधिवेशन प्रतिनिधि छनौटको काम बाँकी रहेको छ ।

त्यसैगरी कुनै वेलाको एमाले पार्टीको माउ पार्टीको रुपमा रहेको नेकपा(माले) पार्टीले त आठौ माहधिवेशन चितवनको नारायणी कला मन्दिरमा सम्पन्न गरिसकेको छ । नेपालमा अहिले जति पनि पार्टीहरु महाधिवेशनको बिषय लिएर विधि र पद्धतीको कुरा लिएर आएका छन् ति सबै ६० उमेर काटेका हजुरबाउ उमेरका नेताहरुको अगुवाइमा अधिवेशनहरु भइरहेका छन् ।

अझै गहिरिएर हेर्ने हो भने त नेपालमा राणा साशन भएको वेलामा त्यतिवेला भारतको श्याम बजारमा स्थापना भएका पार्टीहरुको महाधिवेशन धमाधम भइरहेका छन् । नेतृत्व पनि केही एका दुई स्वर्गीय भएका वाहेक कुनै कुनै नयाँ औंलामा गन्न सकिने मात्र छन् ।

यस्तो अवस्थामा गुज्रीरहेका राजनीतिक पार्टीहरुले जतिसुकै नयाँ नारा, योजना सुनाए पनि र अधिवेशनको लागि करोडौ खर्च गरेर गरिने तामझामको कुनै औचित्य देश र जनताको लागि देखिदैनन् ।

बरु ति महाधिवेशनहरुमा लाग्ने खर्चले नेपालमा उधोग खोलेर आ□नै पार्टीका बेरोजगार रहेका कार्यकर्ताहरुलाई मात्र रोजगार दिन सकेमात्र पनि देशमा निक्कै ठुलो परिवर्तन आउन सक्थ्यो होला ।

अर्को महाधिवेशनमा जम्मा हुने हजारौ मानिसहरु हप्तौ दिनसम्म होल्ड हुदा लाग्ने समयमा काठमाडौ उपत्यका वा अन्य शहरमा खानेपानी अभावले छटपटाई रहेका मानिसहरुलाई पानी पुर्‍याउन श्रम गर्ने हो भने मानवताको लागि ठुलो सफलता प्रप्त हुनेथियो ।

यस्ता देश निर्माणमा न कुनै राजनीतिका पार्टीहरुको ध्यान गएको छ । नत आजको मितिसम्म कसैले यस्ता देशभक्तिपुर्ण अभियाँन नै थालेका छन् । नेपालमा राजनीतिक पार्टी भनेको नै देशलाई अन्यौलमा धकेल्ने जस्तो मात्र देखिएको छ । त्यसकारण नेपालका ठुला भनिएका काँग्रेस, एमाले, माओवादी, समाजवादी, लगायत विदेशी निर्देशनमा चल्ने पार्टी जस्ता देखिन्छन् । उनिहरुले हामी नेपालका पार्टी हौ नेपाल देशको पक्षमा काम गर्छौ भन्ने भान हुने काम गरेर नदेखाउनजेलसम्म विश्वास गर्ने आधार छैन । आउदो महधिवेशनवाट नेपाल देश र नेपाली जनताको पक्षमा महाधिवेशन भयो भन्ने आधार तयार गरेर राजनीतिका पार्टीहरु आउन् । त्यस्तो हुन सकेन भने समय सधै राजनीतिक पार्टीहरुको पक्षमा नहुन सक्छ ।

# नेपालमा दण्डहीनता र भ्रष्टाचारको अवस्था

**श्यामप्रसाद मैनाली**

भ्रष्टाचार र दण्डहीनता व्याप्त हुँदा नागरिकहरूका राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक एवं विकास सम्बन्धी सम्पूर्ण अधिकार कुण्ठित हुन पुग्छन् । मानव अधिकारका महत्वपूर्ण सिद्धान्त जवाफदेहिता, पारदर्शिता, अर्थपूर्ण सहभागिता, विवेकहीनता सबैको उल्लंघन हुँदै जान्छ र यी सिद्धान्तको कार्यान्वयन कमजोर बन्छ । भ्रष्टाचार, दण्डहीनता र यस अपराधविरुद्ध गरिने कारबाही एवं मानव अधिकारबीच सम्बन्ध बहुआयामिक हुन्छ, यद्यपि यसलाई अध्ययन गरी तथ्यका आधारमा प्रमाणित गरिएको देखिँदैन । यस्तो विकृतजन्य अवस्थामा न्याय प्रशासन नराम्ररी प्रभावित हुन पुग्छ, न्यायप्रति जनताको विश्वास हुँदैन, न्यायिक प्रणालीको क्षमतामा ह्रास आउन थाल्छ । मानव अधिकारको संरक्षण हुन सक्दैन । समाजमा स्रोत साधनको संग्रह भ्रष्ट र संगठित अपराधीहरूमा सीमित हुँदै गर्दा साधारण नागरिकलाई आधारभूत आवश्यकताको परिपूर्ति गर्न, स्वास्थ्य शिक्षाजस्ता सेवा प्राप्त गर्न कठिनाइ हुन्छ । न्यायाधीश, अपराधकर्मको अनुसन्धान गर्नेहरू, कानुन व्यवसायी सबैले आफ्नो व्यावसायिक मूल्य र मान्यतामा समझदारी गर्दै अस्तव्यस्तता सिर्जना गर्छन् । निष्पक्ष सुनुवाइ हुन सक्दैन, न्यायाधीशहरू न्यायिक मनले आफ्ना निर्णय गर्न सक्दैनन् । राज्य संयन्त्र विस्तारै संगठित अपराधी र भ्रष्टाचारीको नियन्त्रणमा पुग्छ । यस्तो अवस्था सिर्जना हुँदा सबैभन्दा पहिला र बढी मात्रामा समाजका कमजोर, असहाय, ज्येष्ठ नागरिक, महिला आदि प्रभावित बन्न पुग्छन् । यस स्थितिमा कानुनी व्यवस्था र यसको कार्यान्वयनबीच भिन्नता अत्यन्त धेरै हुन्छ र कानुनी प्रावधानले खासै काम गर्न नसक्ने अवस्था सिर्जना हुन्छ । भ्रष्टाचारको प्रभाव सबै क्षेत्रमा पर्छ, आर्थिक बृद्धिमा संकुचन आउँछ, कर्मचारीतन्त्रका जटिलताहरूमा वृद्धि हुन्छ । कानुनी प्रावधान सेवाग्राही मैत्री हुँदैनन्, सेवा प्रवाह अत्यन्त असहज र खर्चिलो बन्छ, उत्पादन र कारोबारको मूल्य अस्वाभाविक प्रकारले बढ्छ, सेवाग्राहीहरूलाई मर्कामा पारी सेवा प्रदायक मात्र फाइदा लिन पुग्छन्, सबै प्रकारका अनिश्चितता अस्थिरताको अवस्था सिर्जना हुन्छ । स्रोत साधनहरूको अनुपयुक्त प्रकारले विनियोजन हुन थाल्छ । लगानीको अवस्था कमजोर बन्छ । देशको राजनीति र सुशासनको अवस्था अत्यन्त दयनीय हुँदै जान्छ । संस्थागत विकासको अवस्थामा सुधार हुन सक्दैन, सामाजिक भलाइको क्षेत्र छायामा पर्छ । संगठित अपराध र दण्डहीनताको अवस्थामा सुधार ल्याई भ्रष्टाचार नियन्त्रण गर्दै मानवअधिकारको प्रत्याभूति गराउन विश्व संस्था र आधुनिक विश्व लागिपरेको छ । विश्वभर रहेका भोको पेट लिएर रात कटाउनेहरूको संख्या ८ सय ७० मिलियन देखिएकोमा तिनीहरूलाई खुवाउन आवश्यक पर्ने रकमभन्दा ८० दोब्बर भ्रष्टहरूले संकलन गरेका छन् । विकासोन्मुख देशहरूले ८.४४ खर्ब डलर उनीहरूले प्राप्त गर्ने वैदेशिक सहयोग राशिको दस दोब्बर भ्रष्ट र संगठित अपराधीहरूको हातमा पुगेको छ । विश्वभरको कुल राजस्वको ६ प्रतिशत भ्रष्टाचारमा खर्चिएको स्थिति छ । संयुक्त राज्य अमेरिकाले मात्र प्रतिवर्ष ४ सय बिलियन डलर भ्रष्टाचारमा समाप्त गर्दै गएको अवस्था छ । गरिबी व्याप्त रहेको अफ्रिकामा भ्रष्टाचार अत्यन्त बढी छ । यसबाट गरिबी र भ्रष्टाचारको बृद्धि समान प्रकारले भएको देखिन्छ । संयुक्त राष्ट्रसंघले भ्रष्टाचार विरुद्धको अभिसन्धि पारित मात्र गरेको छैन सबै सदस्य राष्ट्रहरूलाई सबै प्रकारका भ्रष्टाचार नियन्त्रण गरी सन् २०३० सम्म भ्रष्टाचारबाट दुरुपयोग भएको धन फिर्ता गरी उत्पादक कार्यमा लगाउनुपर्ने समझदारी कायम गराएको छ । यसबाट यस संस्थाका सदस्य राष्ट्रहरू सबै भ्रष्टाचार नियन्त्रण अभियानमा लाग्नुपर्ने दायित्व सिर्जना भएको छ । अभाव र भयबाट मुक्ति दिनलाई सबै प्रकारका अधिकार समान रूपमा उपयोग गर्न सक्ने अवस्थामा पुर्‍याउने उद्देश्य मानव अधिकारले राख्छ । बढी भ्रस्ट देशहरूमा मानवअधिकारको उल्लंघन ज्यादा भएको छ उदाहरणका लागि ट्रान्सपरेन्सी इन्टरनेसनलले बढी भ्रष्ट देखाएका देशहरू सोमालिया, दक्षिण सुडान, सिरिया आदि देशहरूमा मानव अधिकारको हनन अत्यन्त ज्यादा भइराखेको छ । नीति निर्माता, कानुननिर्माता र नियन्त्रक निकायका पात्र सबै भ्रष्ट आचरण बनाई मानवअधिकारको उल्लंघनमा अभ्यस्त रहेका छन् । २०१६ देखि प्रकाशनमा आउन थालेको पानामा पेपरले पनि राजनीतिज्ञ कसरी जनताको अधिकार छिनेर भ्रष्टाचारमा लिप्त हुन्छन् ? र सबै प्रकारका अपराधकर्मबाट यस्ता देशहरूमा उनीहरूले कसरी अपराध गरेबापत अभय दान प्राप्त गरेका हुन्छन् ? प्रष्ट पारेको छ । विश्वभरका राष्ट्रहरूको अवस्था अध्ययन गर्दा दण्डहीनताको अवस्थाबाट भ्रष्टाचार लगायतका अपराधकर्मले संस्थागत स्वरूप ग्रहण गर्छ, अपराध कर्म बृद्धि हुँदै जाँदा सबै प्रकारका जनअधिकार हरूको प्रत्याभूति हुन सक्दैन त्यसैले दण्डहीनता, भ्रष्टाचार र संगठित अपराध बढ्दा यसले प्रत्यक्ष प्रभाव मानव अधिकारमा पार्छ । यही कारण हो मानव अधिकारको प्रत्याभूतिका लागि भ्रष्टाचार विरुद्ध आवाज बुलन्द गर्नुपर्छ । दण्डहीनता अमुक देशमा मात्र हुने होइन अन्तर्राष्ट्रिय संस्थाहरूमा समेत हुन्छ, संयुक्त राष्ट्रसंघका कतिपय निर्णय भिटो अधिकार सम्पन्न राष्ट्रहरूका राजनीतिक स्वार्थका हिसाबले भएका छन्, कर्नेल गद्दाफी, सद्दाम हुसेनहरूको अन्त्य राजनीतिक कारणले भएकोमा सन्देह रहँदैन । अन्तर्राष्ट्रिय न्यायालयको अधिकार क्षेत्र कतिपय विषयहरूमा विवादित राष्ट्रहरूको संयुक्त आवेदनका आधारमा मात्र कारबाही गर्ने र ती कारबाहीको कार्यान्वयन विवादित राष्ट्रहरूमै आपसी समझदारीबाट गर्ने प्रावधान रहेको छ, यसबाट विश्व संस्थासमेत दण्डहीनतालाई अन्त्य गर्ने पक्षमा स्पष्टताका साथ खडा हुन सकेको देखिँदैन । नेपालको सन्दर्भमा अध्ययन गर्दा यसले २०५२ सालबाट जब देशमा द्वन्द्व प्रारम्भ भयो दण्डहीनतालाई संस्थागत गर्ने कार्यको प्रारम्भ हुन पुगेको देखिन्छ । शान्ति प्रक्रियालाई तार्किक निष्कर्षमा पुर्‍याउने प्रयोजनका लागि भएका प्रावधानको इमानदारिताका साथ कार्यान्वयन हुन सकेन । संसद्वादी र द्वन्द्वरत दलबीचमा राजनीतिक सिद्धान्तका हिसाबले भिन्नता देखियो, हरेक विषयमा द्वन्द्वरत दललाई मनाउनुपर्ने बाध्यता संसद्वादीलाई पर्न गयो । देल्हीमा भएको सम्झौताबाट अघि बढ्दा धेरै प्रकारका कठिनाइ देखिँदै गए । जनताद्वारा निर्वाचित सरकार प्रमुखले विधिवत् रूपमा संसद् विघटन गर्न राजासमक्ष पेस गरेपश्चात् संविधानअनुसार विघटन भएको संसद् आन्दोलनकारी शक्तिहरूकै दबाबमा पुनर्स्थापित मात्र भएन यस संसद्मा माओवादीहरूलाई पनि पर्याप्त स्थान दिइयो । यो दलले चुनावमा भाग नलिएका कारण संसद्मा स्थान थिएन ।

यो तत्कालीन संविधान अनुसार गर्न मिल्ने थिएन । जब संसदवादी र माओवादीहरू सम्मिलित संसद् गठन भयो सबै विषय सहमति, सहकार्य र समझदारीका आधारमा गर्ने कार्यको प्रारम्भबाट संसद्को अधिकारमा अतिक्रमण मात्र भएन कानुनविपरीत सर्वसम्मति हुँदै गए, संसद्वादी कम्युनिस्ट, द्वन्द्ववादी कम्युनिस्ट र नेपाली कांग्रेस मुख्य दलहरूका रूपमा राष्टि्रय राजनीतिमा प्रभाव जमाउँदै गए । यी विपरीत धारका दलबीच सिद्धान्त र स्वार्थका विषयमा ठूलो भिन्नता हुनुको कारण संविधान सभा नै निर्णय दिन नसक्ने अवस्थामा पुगी संविधान नै बन्न नसक्ने परिस्थिति बन्न पुग्यो ।

तीन दलहरूको निरपेक्ष शासन सञ्चालन हुँदै गयो, आफ्ना आफ्ना कार्यकर्ताहरूको संरक्षण गर्दै जाँदा कानुन हातमा लिने प्रवृत्तिले प्रश्रय पाउँदै गयो । बजारको विकास अपेक्षित रूपमा हुन नसक्दा राज्य संयन्त्रको परिचालनद्वारा जनतालाई प्रभावित पार्दै जाने लोकतान्त्रिक मूल्य मान्यता विपरीतका काम कारबाही हुँदै गए । सामान्य सेवा प्राप्त गर्न सेवाग्राहीहरूले राजनीतिको सहारा लिनुपर्ने अवस्था सिर्जना भयो । राज्यले संक्रमण कालीन न्याय प्रदान गर्न सकेन, दण्डहीनता नै नेपालको राजनीतिक संस्कारका रूपमा विकसित हुँदै गयो । अपराधी करणका माध्यमबाट समाजलाई प्रताडित बनाई राजनीतिक संगठन गर्दा राजनीतिक दल गौरवान्वित हुँदै गए । सचेत नागरिक र नागरिक समाजका तर्फवाट उठेका आवाजले संगठन मजबुद हुँदै गएको गलत धारणा राजनीतिज्ञमा पर्दै गयो । संवैधानिक निकायलगायतका अन्य विशेष जिम्मेवारीमा दलगत भागबन्डाका आधारमा व्यक्ति छनोट गर्दै ती निकायमा पूरै राजनीतिकरण गरी आफू र आफ्ना कार्यकर्ताहरूलाई सुरक्षित गराउने कार्यले निरन्तरता प्राप्त गर्दै गयो । न्यायपालिका भित्र पूर्ण राजनीति करण भयो यहाँसम्म कि कुनै दलको संसद्लाई पनि न्यायपालिकाको नेतृत्वमा पुर्‍याउने काम हुन पुगेको छ । जघन्य अपराधकर्मीहरूका मुद्दा कार्यकर्ता भएकै कारणबाट सहजै फिर्ता लिने काम मात्र भएन एउटा व्यक्तिले समान प्रकृतिको जघन्य अपराध तीन/तीन पटकसम्म गर्दा पनि असल चालचलन भएको आधार लिई मुद्दा फिर्ता लिइयो । राष्ट्रिय स्रोतसाधनको हदैसम्मको दुरुपयोग हुँदै गयो । दलको टिकट हुनेखानेहरूका लागि आरक्षित भई राजनीति नै व्यापारमा परिणत हुन पुगेको छ । संसद्हरू कूटनीतिक राहदानीको दुरुपयोगमा विदेशी भूमिमा गिरफ्तार हुन पुगे । निर्वाचन हारेकाहरूको र जनताबाट समर्थन प्राप्त गर्न नसक्नेहरूको लागि राष्ट्रिय सभा आरक्षित बन्न पुग्यो । सत्तामा रहेको दलकै पार्टी मुख्यालय व्यापारीको भवनमा राखी राष्ट्रिय स्रोतसाधनमा उनी व्यापारीलाई सबै प्रकारका सहुलियत प्रदान गर्ने कामले निरन्तरता पाइराखेको छ । यी यस्ता विषय हुन जसले गर्दा दण्डहीनता र अपराधलाई संस्थागत गर्न नेपालको राजनीतिले अभ्यस्तता प्राप्त गर्दै गयो । दण्डहीनतालाई प्रश्रय दिई अघि बढेको वर्तमान अवस्थाको राजनीतिले देशलाई गम्भीर दुर्घटनातर्फ अभिमुख गराएको छ । नेपालमा अत्यन्त ज्यादा ठूलाठूला र राजनीतिक भ्रष्टाचारलाई पूर्ण रूपमा नियन्त्रण गर्न कानुनी दायराबाट बाहिर राखिएको छ । भ्रष्टाचार नियन्त्रक निकायमा दलसँग घनिष्ठ रूपमा सम्बन्धितहरूलाई जिम्मेवारी प्रदान गरी राजनीतिक आशयका आधारमा परिचालित गर्ने व्यवस्था मिलाइएको छ । ठूला भ्रष्टाचारका मामिलामा अनुसन्धान गर्ने तयारी गर्दै गर्दा सूचना बाहिर आएपश्चात् शीघ्र संस्थाका तत्कालीन प्रमुखमाथि महाभियोगको प्रस्ताव संसद्मा पेस गर्ने काम पनि नेपालमै भएको छ । नेपालमा भ्रष्टाचार नियन्त्रण गर्न राजनीतिक इच्छा शक्ति नभई राजनीतिज्ञ नै लिप्त भएर यस अपराधकर्ममा लाग्दा नेपालले अत्यन्त ठूलो भ्रष्ट मुलुकका रूपमा विश्वमै आफ्नो पहिचान बनाएको छ । यस अवस्थामा नेपालको गणतन्त्र, लोकतन्त्र र संघीयताप्रति नै वितृष्णा फैलिन सक्ने सन्त्रास अत्यन्त ज्यादा छ । यसका लक्षण देखिँदै गएका छन् ।

यस अवस्थामा देशलाई पूर्ण लोकतान्त्रिक दिशामा अभिमुख गराउनुपर्ने अवस्था छ । भ्रष्टाचारी र अपराधीलाई निरुत्साहित गर्ने पद्धतिको विकास र कार्यान्वयनमा देश शीघ्र अघि बढी यसको पक्षमा देखिएको नागरिक व्यवहारलाई प्रोत्साहन प्रदान गर्दा कानुनी शासन कायम हुनेछ । नेपालमा राष्ट्रिय अस्तित्वमा रहेका दलका करिब ४० लाख कार्यकर्ता छन् । यी कार्यकर्ताहरूको परिचालन दलीय र व्यक्तिगत स्वार्थको कारणले भइराखेको छ, दलका केन्द्रीय नेतृत्व यही शक्तिलाई समग्र देश मानी अघि बढेको छ । असहाय र कमजोर नागरिक हदैसम्म प्रताडित छन् । यो शक्तिले देशका कमजोर नागरिकमाथि नियन्त्रण कायम गरी राखेको छ । यस्तो अवस्थाबाट राजनीतिक संक्रमणमा रहेका गरिब देश बढी प्रभावित हुने गर्छन् । तसर्थ, यस प्रकारको अन्तर्राष्ट्रिय अपराधलाई विश्वव्यापी चुनौतीका रूपमा लिई अन्तर्राष्ट्रिय र क्षेत्रीय स्तरमा समेत अनुसन्धान गर्ने निकाय र विशेष प्रकृतिको अदालतहरूको स्थापना गरी क्रियाशीलता दिनुपर्छ । प्रत्येक देशमा राजनीतिक स्थिरता प्रदान गरी लोकतान्त्रिक निकायहरूको सबलीकरण गर्नु जरुरी छ । सबै प्रकारका अपराधीहरूलाई अपराध कर्म गरेको देशमा कारबाहीका लागि सुपुर्दगी गर्ने र अन्तर्राष्ट्रिय स्तरमा मुद्रा निर्मलीकरणलगायत अन्य प्रयोजनमा लगिएको रकम फिर्ता गर्ने अनिवार्य व्यवस्था गर्न अन्तर्राष्ट्रिय स्तरमै समझदारी हुनु जरुरी छ । यी कार्यहरूका मार्ग चित्र तयार पार्न सम्बन्धित क्षेत्रका विज्ञहरूको सहयोग लिनुपर्छ । अब संक्रमणको अवस्थाबाट गुज्रिएका विकासोन्मुख देशहरूका लागि यस प्रकारको व्यवस्था गर्न संयुक्त राष्ट्र संघले पहलकदमी गर्नु नितान्त आवश्यक छ । अन्यथा, विकृति र विसंगति अधिक बढ्दै यसले नेपालमा धेरै प्रकारका द्वन्द्वको स्थिति आमन्त्रण गर्नेछ । - राजधानी दैनिक

**नेपालको सन्दर्भमा अध्ययन गर्दा यसले २०५२ सालबाट जब देशमा द्वन्द्व प्रारम्भ भयो दण्डहीनतालाई संस्थागत गर्ने कार्यको प्रारम्भ हुन पुगेको देखिन्छ । शान्ति प्रक्रियालाई तार्किक निष्कर्षमा पुर्‍याउने प्रयोजनका लागि भएका प्रावधानको इमानदारिताका साथ कार्यान्वयन हुन सकेन । संसद्वादी र द्वन्द्वरत दलबीचमा राजनीतिक सिद्धान्तका हिसाबले भिन्नता देखियो, हरेक विषयमा द्वन्द्वरत दललाई मनाउनुपर्ने बाध्यता संसद्वादीलाई पर्न गयो । देल्हीमा भएको सम्झौताबाट अघि बढ्दा धेरै प्रकारका कठिनाइ देखिँदै गए । जनताद्वारा निर्वाचित सरकार प्रमुखले विधिवत् रूपमा संसद् विघटन गर्न राजासमक्ष पेस गरेपश्चात् संविधानअनुसार विघटन भएको संसद् आन्दोलनकारी शक्तिहरूकै दबाबमा पुनर्स्थापित मात्र भएन यस संसद् माओवादीहरूलाई पनि पर्याप्त स्थान दिइयो । यो दलले चुनावमा भाग नलिएका कारण संसद् स्थान थिएन ।**

जन आकाश
Jana Aakash National Weekly



# पाँच तारे होटल हायात प्लेस सञ्चालनमा आयो, ५ अर्ब लगानी

काठमाडौं । काठमाडौंको ताहचलमा पाँच तारे होटल हायात प्लेस सञ्चालनमा आएको छ ।

शनिबार एक कार्यक्रम गर्दै होटल सञ्चालनमा आएको जानकारी दिइएको छ । होटलका सञ्चालक पवन गोल्यानले होटल सञ्चालनमा आएको बताए । २०७२ सालमा भूकम्पपछि अपार्टमेन्ट निर्माण गर्ने योजनालाई त्यागेर होटल बनाउने निर्णय गरिएको थियो । १० रोपनी क्षेत्रफलमा फैलिएको होटलसँगै अर्को भवन पनि छ । जुन अपार्टमेन्टका रुपमा प्रयोग गरिएको छ ।

शुरुमा ४ अर्ब लगानी गर्ने योजना भए पनि कोरोना महामारीका कारण निर्माणले गति नलिँदा रकम बढेर करिब ५ अर्ब रुपैयाँ पुगेको होटलका अध्यक्ष शक्ति गोल्यानले बताए ।

हायत अन्तर्राष्ट्रिय चेन होटल हो । यसको मुख्य कार्यालय अमेरिकाको सिकागोमा रहेको छ । यसका संसारभर १ हजारभन्दा बढी होटल सञ्चालनमा छन् । यो होटलको सञ्जाल विश्वका ६९ वटा देशमा फैलिएको छ ।

होटल व्यवस्थापनको जिम्मा हायात प्लेसले लिएको छ । सन् २०१६ देखि निर्माण शुरु भए पनि कोरोना महामारीका कारण निर्माणको काम लम्बिएको थियो ।

सञ्चालक पवन गोल्यानले होटलले ५ वर्षमा ब्रेकइभनमा आउने बताए ।


होटलमा १५३ वटा कोठा छन् । जसमा ३ वटा स्वीट रुम छन् भने १५० वटा स्ट्यान्डर्ड रुम छन् । त्यसमध्ये पनि ७ वटा रुममा टेरेसको सुविधा पनि छ ।

विशेष गरी ट्राभलरहरुका लागि होटल लक्षित गरिएको छ ।

भवनको २ तला बेसमेन्ट छ । जुन पार्किङका लागि छुट्याइएको छ । त्यसपछिको तलामा लबी छ । जहाँ नेपालीपन झल्कने गरी कलाकृति देख्न सकिन्छ । लबीसँगै रेष्टुराँ र कन्फ्रेन्स हल पनि छ । कन्फ्रेन्स हलमा ४ सय जनासम्म अटाउन सक्छन् ।

साथै होटलको पहिलो तला सर्भिसका लागि हुनेछ भने दोस्रो तलामा स्वीमिङसँगै रेष्टुराँ र बारको सुविधा छ । जहा केटाकेटीदेखि वयस्क सम्मका लागि लक्षित गरिएको छ ।

त्यसभन्दा माथिका तलाका रुमहरु पाहुनाका लागि हुनेछन् । ७ वटा टेरेससहितका रुममा हरियाली गार्डेनको सुविधा हुनेछ । प्रत्येक रुम ३० वर्गफिट क्षेत्रफलमा फैलिएका छन् । टेरेससहितका रुमहरु ४८ वर्गफिट क्षेत्रफलमा फैलिएका छन् ।






## पूर्वसभासद् बादशाह पक्राउ

काठमाडौं । बाँकेको निर्मला कुर्मी प्रकरणमा पूर्वसभासद् बादशाह कुर्मीलाई पक्राउ गर्न माग गर्दै अधिकारकर्मीहरुले प्रशासनमा धर्ना दिएका छन् । मुख्य आरोपी कुर्मीलाई प्रशासनले संरक्षण गरेको भन्दै अधिकारकर्मीहरुले जिल्ला प्रशासन कार्यालय, बाँकेमा धर्ना दिएका हुन् ।

प्रशासनले मुख्य आरोपी कुर्मीलाई जोगाएकाले न्याय माग्दै धर्नामा बस्नुपरेको मानवअधिकारकर्मी खानले बताइन् । धर्ना बसेका महिलाहरुले प्रधानमन्त्री र गृहमन्त्रीको फोटो बोकेको प्लेकार्ड बोकेर न्यायका लागि कलम चलाइदिन आग्रह गरेका छन् ।

साथै, उनीहरुले सरकारले गठन गरेको छानबिन समितिको निष्कर्ष अनुसार कारबाही प्रक्रिया अघि नबढेको भन्दै प्रतिवेदन सार्वजनिक गर्न पनि माग गरेका छन् । खाल भन्छिन्, 'निर्मला कुर्मी घटनाको छिटोभन्दा छिटो सुरुदेखि अनुसन्धान गरी सत्य, तथ्य सार्वजनिक गरियोस् ।' जिल्ला प्रहरी कार्यालय, बाँकेले चाहिँ घटनामा संलग्न ७ जना पक्राउ परिसकेको बताउँदै बादशाहलाई समात्न कानूनी आधार नभएको बताएको छ । उनी पहिल्यै बयान दिएर हाजिरी जमानीमा छुटेको भन्दै प्रहरीले पक्राउ गर्न नमिल्ने बताउँदै आएको छ ।

## राप्रपाको अध्यक्षमा जोशी चयन

धनगढी । राष्ट्रिय प्रजातन्त्र पार्टीको सुदूरपश्चिम प्रदेश समिति अध्यक्षमा धर्मराज जोशी चयन भएका छन् । आइतबार धनगढीमा आयोजना गरिएको प्रदेश अधिवेशनबाट जोशीको अध्यक्षतामा २५ सदस्यीय प्रदेश समिति सर्वसम्मत रुपमा चयन गरिएको हो । राष्ट्रिय प्रजातन्त्र पार्टीका केन्द्रीय सदस्य पूर्णबहादुर चन्दका अनुसार अध्यक्षका अर्का आकांक्षी गणेशबहादुर चन्दको अध्यक्षतामा ७ सदस्यीय विशेष समिति पनि गठन गरिएको छ । विशेष समिति र २५ सदस्यीय कार्यसमितिले आपसी सहमतिका आधारमा प्रदेश कमिटिका पदाधिकारी चयन गर्ने चन्दले जानकारी दिए ।

## हिमानीको मधेशमा क्रेज बढ्यो

काठमाडौं । पूर्वयुवराज्ञी हिमानी शाहको क्रेज मधेशमा पनि बढेको छ । छठका अवसरमा उनी मधेश झरिन् । वीरगञ्जमा पुगेर छठ मनाइन् । हिमानीले वीरगञ्जको घडीअर्वा पोखरीमा पुगेर पूजा गरिन् । अस्ताउँदो सूर्यको आराधना गरिन् । हिमानीको साथमा जेठी छोरी पूर्णिका पनि थिइन् । आमाछोरीले नै छठमा पूजाआराधना गरे ।

खाना पकाउने ग्याँस (एल.पी. ग्याँस) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्वन्धी
नेपाल आयल निगम लि. को
अति आवश्यक जानकारी

एल.पी. ग्याँस अत्यन्तै प्रज्वलनशिल पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवं सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्याँसको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्तावर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।

दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु :

१. सिलिण्डर ल्याउदा लैजादा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रवर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौ । साथै हरेक दुई वर्षमा ग्याँसको पाइप फेरौ ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।
४. खाना पकाउदा सधै झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौ ।

ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरु :

१. खाना पकाउने स्थानमा एल.पि. ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्याँस चुहिएको भन्ने बुझ्नु पर्दछ। ग्याँस लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्होको नव बन्द गरौ ।
२. झ्याल ढोका खुल्ला राखौ र झिल्का निस्कने बस्तुहरु जस्तै ग्याँस चुल्हो, सलाई, लाईटर, धुप आदि नबालौ । विद्युतजन्य उपकरणको प्रयोग नगरौ ।
३. ग्याँस लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुटाई सिलिण्डरमा सेफ्टी क्याप लगाइ बाहिर खुल्ला स्थानमा राखौ र यथाशिघ्र नजिकको ग्याँस विक्रेता अथवा ग्याँस उद्योगमा सम्पर्क गरौ ।

"सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।"

उपभोक्ता जनहितका लागि जारी

नेपाल आयल निगम लि.
केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, नेपाल
०१–४२६३४८५, ४२६३४८१

# रामेछाप डायरी

## रामेछापका युवा मनाङ लेक लागेर मृत्यु

रामेछाप । मनाङमा लेक लागेर रामेछापका एक युवकको मृत्यु भएको छ । रामेछाप घर भई हाल भक्तपुरको सूर्यविनायक नगरपालिका ८ बस्दै आएका २३ वर्षीय प्रवीण थापाको लेक लागेर मृत्यु भएको प्रहरीले जनाएको छ । विश्वकै अग्लोमध्येको एक तिलिचो ताल (४,९१९ मि.)भ्रमणका लागि मनाङ् गएका थापालाई लेक लागेपछि माथिल्लो मनाङबाट एभरेष्ट एयरको हेलिकप्टरबाट उद्दार गरिएको थियो । तिलिचो ताल भ्रमणका लागि बेसक्याम्प (४,१५०मि.) मा पुगेका उनलाई हाई अल्टिच्यूड र चिसोका कारण लेक लागेर बिरामी भएपछि उनीसंगै गएको टोली नै फिर्ता भएको थियो । उनीहरू काठमाडौंबाट बेंसीसहर-चामे-मनाङ हुँदै खाङ्सारसम्म मोटरसाइकलमा पुगेका थिए । खाङ्सारबाट माथि सडक नभएका कारण उनीहरू हिँडेरै तिलिचोतर्फ गएका थिए । करिब ६ घण्टाको बाटो खाङ्सार (३,७५६मि.) सम्म बोक्दै, हिँडाउँदै ल्याएको र त्यसपछि आधा घण्टा सवारी साधन चढाएर मनाङ ल्याइएपछि उनको हेलिकप्टरमार्फत उद्दार गरिएको छ । हेलिकप्टरले उद्दार गरी शिक्षण अस्पताल महाराजगञ्ज काठमाडौं ल्याइएकोमा उनको उपचारको क्रममा मृत्यु भएको मनाङका डीएसपी सुवास खड्काले बताए ।

## एमाले र माओवादी परित्याग गर्दै चार दर्जन कांग्रेसमा प्रवेश

रामेछाप । नेपाल कम्युनिष्ट पार्टी एमाले र माओवादीसहितका विभिन्न पार्टी परित्याग गरि दोरम्बा शैलुङ गाउँपालिकाबाट चार दर्जन बढि नेपाली कांग्रेस प्रवेश गरेका छन् । शनिबार राजधानीमा एक कार्यक्रमकाबीच उनीहरु कांग्रेस प्रवेश गरेका हुन् । उनीहरुलाई जिल्ला पार्टी सभापति पूर्णबहादुर तामाङ् (कान्छाराम) सहितका जिल्ला पार्टीका नेताहरुले स्वागत गरेका छन् । जसमा वडा नं १ बाट १७ जना, वडा नं ६ बाट १० जना, वडा नं ५ बाट १२ जना र वडा नं ३ र ९ बाट १-१ जना सहित कूल ४४ जना कांग्रेस प्रवेश गरेका हुन् ।

## नामाडीमा एसले संचालनमा ल्यायो पार्टी कार्यालय

रामेछाप । रामेछापको गोकुलगंगा गाउँपालिका वडा नं ५ नामाडीमा नेपाल कम्युनिष्ट पार्टी (एकिकृत समाजवादी एस) ले हरिबहादुर खड्काको अध्यक्षतामा २१ सदस्यीय वडा कमिटी गठन गरेको छ । साथै थिरबहादुर खड्काको अध्यक्षतामा ७ सदस्यीय सल्लाहकार समिति समेत गठन गरेको जिल्ला सचिवालय सदस्य नविन कार्कीले रामेछाप टाइम्सलाई जानकारी दिए । उनका अनुसार नामाडीमा शनिबार पार्टीको कार्यालय समेत संचालनमा ल्याइएको छ । पार्टी कार्यालय केन्द्रीय सल्लाहकार परिषद्का सदस्य धनबहादुर कार्की र जिल्ला अध्यक्ष रमेश कुमार बस्नेतले संयुक्त रुपमा उद्घाटन गरेका छन् । मंसिरको १५ गतेसम्म जिल्लाका आठवटै स्थानीय तहमा आफ्नो संगठन विस्तार बनाउने निर्णयसहित अगाडि बढेको एसले संगठन बिस्तारलाई तिव्र पारेको छ । कार्यक्रममा प्रदेश सदस्यहरु बलाराम खड्का, अम्बरबहादुर तामाङ् लगाएतको समेत सहभागिता रहेको थियो ।

# सर्वोत्तम सिमेन्टले सिन्धुपाल्चोक र काभ्रेमा प्राविधिकलाई दियो तालिम

काठमाडौं । सर्वोत्तम सिमेन्टले सिन्धुपाल्चोक तथा काभ्रे जिल्लालाई केन्द्रित गर्दै उक्त जिल्लाका विभिन्न स्थानहरुमा भवन निर्माण कार्यमा संलग्न सिनियर प्राविधिक (ठेकेदार) हरुलाई लक्षित भेटघाट कार्यक्रम सम्पन्न गरेको छ ।

उक्त कार्यक्रममा कम्पनीका प्रोजेक्ट् प्रमुख ई. अभिषेक झाले ओपिसि. सिमेन्टको ४३ ग्रेड र ५३ ग्रेडबारे सम्पूर्ण जानकारीका साथै यसका उपयोगिता र प्राविधिक विशेषताका बारेमा जानकारी प्रदान गराइएको थियो ।



साथै, घर बनाउँदा सिमेन्ट र डण्डीको प्रयोग प्राविधिक रुपमा कसरी गर्दा भुकम्प प्रतिरोधात्मक हुने र सिमेन्टको प्रयोग प्राविधक रुपमा उपयुक्त तरिकाले कसरी गर्दा सिमेन्टको खपत पनि कम हुन जान्छ भन्ने बारेमा समेत जानकारी तथा तालिम प्रदान गराइएको थियो ।

कम्पनीका ब्राण्ड म्यानेजर गोपाल सारदाका अनुसार सर्वोत्तम सिमेन्ट अत्याधुनिक यूरोपियन भि.आर.एम. प्रविधिबोरा सिमेन्ट उत्पादन गर्ने नेपालकै पहिलो सिमेन्ट उद्योग हो । आइ.एस.ओ. ९००१ गुणस्तर प्रमाणित, १४००१ वातावरण-मैत्री प्रमाणित र नेपाल गुणस्तर प्रमाणित समेत भएको कम्पनीले ४३ ग्रेड र ५३ ग्रेडमा ग्रिन सर्वोत्तम ओ.पि.सि र सौरभ ग्रिन पि.पि.सि नामक ब्राण्डका सिमेन्टहरु नेपालभर सर्वत्र बिक्रीवितरण गरिरहेको छ ।

आफ्नै इस्टिम इन्जिनबाट विद्युत उत्पादन गरी सिमेन्टको गुणस्तरमा एक रुपता प्रदान गर्न सर्वोत्तम सिमेन्ट उद्योगले नेपालमै पहिलो पटक एक्स-रे डिफ्राक्सन मेशिनको प्रयोग गर्दै आएको छ । आफ्नो स्थापनाको केही समयमा नै उत्कृष्ट उत्पादन तथा गुणस्तर पस्कँदै धेरैभन्दा धेरै सिमेन्ट उपभोक्ताको विश्वास जित्न सफल सर्वोत्तम सिमेन्टले देशका महत्वपूर्ण आधारस्तम्भहरु अनि ठूला-ठूला परियोजनाहरु तथा गौरवशाली आयोजनाहरु लगायत विशाल पूल, बाँध, हाइड्रोपावर, धावनमार्ग देखि हाउजिङ्ग कम्पनीहरुमा समेत सर्वोत्तम सिमेन्ट पहिलो रोजाइमा पर्दै उपयोग हुँदै आएको छ ।

# साधना लघुवित्तको ९३ औं शाखा काठमाडौंमा

काठमाडौ । साधना लघुवित्त वित्तीय संस्थाले आफ्नो ९३ औं शाखा काठमाडौं उपत्यकाको नागार्जुन नगरपालिका वडा नं. ०१, रानीवन प्लानिङ्गमा सञ्चालन माल्याएको छ ।

नयाँ शाखा यहि शनिबारका दिन नेपाल राष्ट्र बैंक सञ्चालक समितिका




सदस्य रामजी रेग्मीले सो शाखाको उद्घाटन गर्नुभएको थियो ।

नयाँ शाखा संचालनमा आएसँगै वित्तीय संस्थाले काठमाडौं उपत्यकाबाट पनि आफ्नो वित्तीय सेवा प्रदान गर्ने भएको छ ।

वित्तीय संस्थाले हालकायम चुक्ता पूँजीको २५% बराबरको बोनस शेयर र कर प्रयोजनको लागि १.३१५७८९५% गरी जम्मा २६.३१५७८९५% लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्न यहि कार्त्तिक १३ गते पाँचौ वार्षिक साधारण सभा समेत डाकेको छ ।

राष्ट्रिय स्तरको यस साधना लघुवित्तले यसै वर्ष १४ वटा शाखा संचालानमा ल्याएको छ । देशैभर शाखा सञ्जाल, दक्ष वित्तीय व्यवस्थापन समूह दक्ष कर्मचारीहरु मार्फत वित्तीय सेवा प्रदान गरिरहेको संस्थाले दवी गरेको छ ।

# गुराँस लघुवित्तको साधारण सभा सम्पन्न

काठमाडौ । गुराँस लघुवित्त वित्तीय संस्थालि. को छैठौं वार्षिक साधारण सभा सम्पन्न भएको छ ।

न्यु अञ्जुली होटल धनकुटामा संस्थाका अध्यक्ष उदयनारायण बरालको अध्यक्षतामा सम्पन्न उक्त साधारणसभाले आर्थिक वर्ष ७७/७८ सम्मको




मुनाफाबाट चुक्तापुँजी रु.८,३४,००,०००।(को ०.८८ प्रतिशत नगद लाभांशर १६.९० प्रतिशत बोनश शेयर गरी १७.७८ प्रतिशत लाभांश स्वीकृत गर्नुका साथै आर्थिक वर्ष ७७/७८ को संचालक समितिको प्रतिवेदन, लेखापरीक्षण भएको आ.व. ७७/७८ को वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण सहित वित्तीय विवरणहरु तथा संस्थाको प्रबन्धपत्र तथा नियमावलीका विभिन्न दफाहरु संशोधनको प्रस्ताव समेत पारित गर्नुका साथै आ.व. ७८/७९ कालागि लेखापरिक्षक नियुक्ती समेत गरेको छ । उक्त साधारण सभाले संस्थापक समूहक अन्तर्गत रिक्त रहेका ४ जना संचालकहरुमा उदयनारायण बराल, अशोक गौतम, राजु प्रसाद अधिकारी र विजयकुमार दाहाललाई निर्विरोध निर्वाचित गरेको छ ।

२०७३ कार्तिक २२ गते स्थापित संस्थाको छैठौं स्थापना दिवसका दिन सम्पन्न उक्त साधारण सभामा सहभागी शेयरधनीहरुले संस्थाको उत्तरोत्तर प्रगतिको लागि शुभकामना व्यक्त गरेका थिए ।

# सिटिजन्स बैंक र ठमेलको ब्ल्याक बर्ड रेष्टुरेन्टबीच सम्झौता

सिटिजन्स् बैंक इन्टरनेशनल र ठमेलको ब्ल्याक बर्ड रेष्टुरेन्ट एण्ड लाउञ्ज प्रालिबीच सम्झौता भएको छ ।

समझौतासँगै बैंकका कार्डबाहक ग्राहकले रेष्टुरेन्टमा विशेष छुट पाउने




छन् । यस्तो किसिमको सहकार्यबाट बैंकका ग्राहकहरु लाभान्वित हुने विज्ञप्तिमा जनाएको छ । हालसम्म सिटिजन्स बैंकको कार्ड नभएका ग्राहकलाई पनि तत्कालै नयाँ कार्ड उपलब्ध गराउन सिटिजन्स बैंकले इन्स्ट्यान्ट कार्डको व्यवस्था पनि गरेको छ । मोबाइल बैंकिङमार्फत खानेपानी, बिजुली तथा इन्टरनेटको बिल भुक्तानी, प्रिपेड तथा पोष्टपेड मोबाइल बिल भुक्तानी र मुद्दती खाताको आवेदन दिन सक्ने लगायतका व्यवस्था गरेको जानकारी बैंकले गराएको छ । बैंकका देशैभरी १७४ वटा शाखा, १२३ वटा एटीएम र ११२ वटा शाखारहित बैंकिङ सेवा इकाइ छन् । बैंकको करिब १२ लाख ५० हजार ग्राहक छन् ।

# राष्ट्रिय वाणिज्य बैंकले निगमका कर्मचारीलाई बिना धितो कर्जा दिने

राष्ट्रिय वाणिज्य बैंक र नेपाल आयल निगमबीच तलबी बचत खाता सञ्चालन तथा बिना धितो पेशाकर्मी सरल कर्जा प्रवाह गर्ने सम्झौता भएको छ । सम्झौतापत्रमा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ र निगमका निमित्त कार्यकारी निर्देशक नागेन्द्र साहले हस्ताक्षर गरेका हुन् ।

सम्झौतासँै निगममा न्यूनतम दुई वर्ष सेवा अवधि पूरा गरेका कर्मचारीलाई निगमको सिफारिसमा अधिकतम १५ लाख रुपैयाँसम्म बैंकको उपभोक्ता कर्जा



निर्देशिका, २०७७ को अधिनमा रही बैंकले बिना धितो पेशाकर्मी सरल कर्जा प्रवाह गर्ने छ ।

बैंकले आधार दरमा दुई प्रतिशत प्रिमियम जोडी ब्याजदर कायम गरी कर्जा लगानी गर्ने छ । हाल बैंकको आधार दर ५.४१ प्रतिशत रहेको छ । सम्झौता अनुसार निगमका कर्मचारीहरुको तलबी खाता बैंकले सञ्चालन गर्नेछ । यस सम्झौता पश्चात दुवै पक्ष लाभान्वित हुने विश्वास गरिएको छ ।

कार्यक्रममा बैंकका नायब प्रमुख कार्यकारी अधिकृत कविराज अधिकारी, मुख्य शाखा कार्यालयकी शाखा प्रबन्धक दुर्गाकुमारी छत्कुल्ली कँडेल, विभागीय प्रमुख सरोज बस्नेत, सहायक शाखा प्रबन्धक हेमराज खरेल, निगमका निमित्त निर्देशक सुषमाकुमारी कर्णलगायत उपस्थित थिए । बैंकको सातै प्रदेश, ७७ वटै जिल्लामा २५६ वटा शाखा कार्यालय, २१८ वटा एटीएम र ९८ वटा शाखारहित बैंकिङ सेवा रहेको छ ।

# सिद्धार्थ बैंकको सहयोगमा सेतो छडी वितरण

सिद्धार्थ बैंकले काठमाडौंस्थित अपांगता संरक्षण नेपाललाई सामाजिक उत्तरदायित्वअन्तर्गत १०० वटा सेतो छडी खरिदका लागि ९० हजार रुपैयाँ




सहयोग प्रदान गरेको छ । सो रकम बैंककातर्फबाट कामु प्रमुख कार्यकारी अधिकृत सुन्दरप्रसाद कँडेलले अपांगता संरक्षण नेपालका अध्यक्ष बिरोध खतिवडालाई हस्तान्तरण गरे । बैंकबाट प्राप्त उक्त सहयोगबाट अपांगता संरक्षण नेपालले आगामी मंसिर १७ गते अन्तर्राष्ट्रिय अपांगता दिवसको अवसरमा दृष्टिविहीन व्यक्तिलाई सेतो छडी प्रदान गर्न प्रयोग हुने बताइएको छ । अपांगता भएका व्यक्तिको हक, अधिकार तथा जीवनस्तर सुधारका लागि काम गर्दै आएको उक्त संस्थालाई पुऱ्याएको सो रकम सहयोगबाट दृष्टिविहीन अपांगता भएका व्यक्तिलाई गतिशीलता तथा स्वतन्त्रताका साथ आफ्ना दैनिकी दिनचर्या पूरा गर्न मद्दत पुग्ने बैंकले विश्वास लिएको जनाएको छ । बैंकले विभिन्न सामाजिक उत्तरदायित्व निर्वाह सम्बन्धि कार्यहरूमा सहभागिता जनाउँदै आएको छ ।

# निफ्राको नाफा २४ करोड २० लाख

नेपाल इन्फ्रास्ट्रक्चर बैंक (निफ्रा)ले चालू आर्थिक वर्षको पहिलो त्रैमासिकसम्मको वित्तीय विवरण सार्वजनिक गरेको छ । बैंकले सार्वजनिक गरेको वित्तीय विवरणअनुसार असोज मसान्तसम्ममा २४ करोड २० लाख २७ हजार रुपैयाँ खुद नाफा भएको हो । यो गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ३४.३७

NIFRA
Nepal Infrastructure Bank Ltd.
समृद्ध नेपालको लागि

प्रतिशत बढी हो । गत आर्थिक वर्षको सोही अवधिसम्ममा बैंकले १८ करोड १ लाख २२ हजार रुपैयाँ खुद नाफा गरेको थियो । समीक्षा अवधिमा बैंकको खुद ब्याज आम्दानी ४५.७८ प्रतिशतले बढेर ४१ करोड ३४ लाख १३ हजार रुपैयाँ पुगेको छ । अघिल्लो वर्षको यसैअवधिमा बैंकले २८ करोड ३५ लाख ८५ हजार रुपैयाँ खुद ब्याज आम्दानी कमाएको थियो । बैंकको सञ्चालन नाफा ३४.२० प्रतिशतले बढेर ३४ करोड ५७ लाख ४३ हजार रुपैयाँ पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा बैंकले २५ करोड ७६ लाख ४२ हजार रुपैयाँ सञ्चालन नाफा आर्जन गरेको थियो । समीक्षा अवधिमा बैंकको चुक्ता पुँजीमा ६६.६७ प्रतिशत बढेको छ भने निक्षेप संकलन १९.२६ प्रतिशत बढेको छ । त्यस्तै, बैंकको जगेडा कोष ४५.६९ प्रतिशत बढेको छ ।

## अर्थ संसार

# प्रभु बैंक र फोरेक्स स्पोर्टबीच रेमिट्यान्स सम्झौता

प्रभु बैंक र अष्ट्रेलियाको फोरेक्स स्पोर्टबीच सम्झौता भएको छ । अष्ट्रेलियामा रहेका नेपालीहरुले अब फोरेक्स स्पोर्टमार्फत् नेपालमा रेमिट्यान्स पठाउन सक्नेछन् । प्रभु बैंकका २१४ वटा शाखा तथा प्रभु रेमिट्यान्सका १६ हजार भन्दाबढी एजेन्टबाट सहजै भुक्तानी पाउन सकिने बैंकको भनाइ छ । यो सेवा प्रभु बैंकको खातामा मात्रै सीमित नभई देशका अन्य बैंक तथा वित्तीय संस्थाको खातामा समेत तुरुन्तै रकम जम्मा गर्न सकिने व्यवस्था मिलाइएको बैंकले जनाएको छ ।

सम्झौताले विशेष गरी विदेशमा रहने नेपालीले गुणस्तरीय रेमिट्यान्स तथा बैंकिङ सेवा प्राप्त गर्न सक्ने बैंकको विश्वास छ । हाल बैंकले देशभर २१४ वटा शाखा कार्यालय, ५८ भन्दाबढी एक्टेन्सन काउन्टर र १८९ वटा एटीएम बाट १५ लाखभन्दाबढी ग्राहकलाई सेवा दिइरहेको छ ।

# मेरोमाइक्रोफाइनान्स १०औं वर्षमा प्रवेश

मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था दशौ वर्षमा प्रवेश गरेको छ । स्थापनाको नवौं वर्ष पूरा गरी दशौं वर्षमा प्रवेश गरेको अवसरमा संस्थाले अनौपचारीक कार्यक्रम गरी स्थापना दिवश मनाएको छ । संस्थाका प्रमुख कार्यकारी अधिकृत रामहरि दाहालले छोटो समयमा मेरोमाइफोफाइनान्सले नेपालको लघुवित्त क्षेत्रमा छुट्टै किसिमको ब्राण्ड बनाएको बताए ।

देशका गणनीय ७ वटा बाणिज्य बैंक र १ विकास बैंकबाट संयुक्त रुपमा प्रवर्द्धन गरी नुवाकोटको बट्टारमा केन्द्रीय कार्यालय रहने गरी २०६९ कात्तिक २६ गते राष्ट्रियस्तरको लघुवित्त वित्तीय संस्थाको रुपमा स्थापना संस्थाले ग्राहक सुहाउँदो विभिन्न किसिमका बचत तथा कर्जा सेवाहरु प्रदान गर्दै आइरहेको जनाएको छ ।

मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि.
MEROMICROFINANCE LAGHUBITTA BITTIYA SANSTHA LTD.
नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था (राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको)

संस्थाले कर्जातर्फ बिना धितो, सामूहिक जमानी कर्जा र धितो कर्जाअन्तर्गत विभिन्न किसिमका कर्जा सेवाहरुका साथै बिमा र रेमिटान्स सेवा प्रवाह गर्दै आएको छ । संस्थाले आफ्ना ग्राहकहरुको आवश्यकतालाई ध्यानमा राखी प्रविधिमैत्री लघुवित्त सेवा प्रदान गर्दै लैजाने क्रममा मोबाइल बैंकिङ, एसएमएस बैकिङलगायतका सेवा प्रदान गरिरहेको छ ।

संस्था सञ्चालनको पहिलो वर्षमा १५ शाखा कार्यालयमार्फत १४ हजारभन्दा बढी घरपरिवारहरुमा वित्तीय सेवा पुऱ्याएको संस्थाले नवौं वर्षमा आइपुग्दा देशको ६४ जिल्लामा १४९ शाखा सञ्जालमार्फत १ लाख ५० हजारभन्दा बढी घरपरिवारमा वित्तीय सेवा पुऱ्याउन सफल रहेको छ । त्यसैगरी हालसम्म रु. २ अर्ब ७० करोड बराबर निक्षेप संकलन गरी १५ अर्ब ३० करोडभन्दा बढी कर्जा लगानी गर्न सफल रहेको देखिन्छ ।

संस्थाले यसरी आफ्नो कारोबार वृद्धि गर्दै जा□दा पर्न सक्ने जोखिम व्यवस्थापनलाई कुशलतापूर्वक व्यवस्थापन गरेको र संस्थाले सांगठनिक संरचना, विभिन्न ८ वटा विभाग र १३ वटा अनुगमन स्टेशनमार्फत कार्यक्रमको प्रभावकारिता मापन गरी अग्रणी लघुवित्त सेवा प्रदायक संस्थाको रुपमा आफूलाई स्थापित गर्न सफल रहेको जानकारहरु बताउँछन् ।

# ग्लोबल आइएमई बैंकका ग्राहकलाई एनसेलको सहयात्री सिम

ग्लोबल आइएमई बैंकका ग्राहकले एनसेलको सहयात्री सिम र यस सिममा पाइने विभिन्न सेवा, सुविधा पाउने भएका छन् । बैंकमा ग्लोबल सहयात्री रेमिट्यान्स बचत खाता खोलेमा हरेक रिचार्जमा बोनस, अन्तर्राष्ट्रिय कलमा छुट र ग्लोबल बैंकको मोबाइल बैंकिङका लागि निःशुल्क डेटाको सुविधा रहेको एनसेलको सिम कार्ड निःशुल्क पाउने जनाइएको छ । एनसेल आजियाटा लिमिटेड र ग्लोबल आइएमई बैंकबीच ग्लोबल सहयात्री रेमिट्यान्स बचत खाता खोल्ने ग्राहकका लागि निःशुल्क सहयात्री सिम उपलब्ध गराउने सम्झौतापत्रमा हस्ताक्षर भइसकेको छ । ग्लोबल सहयात्री रेमिट्यान्स बचत खाता वैदेशिक रोजगारीमा जाने कामदारु उनीहरूका परिवार र रेमिट्यान्स आम्दानी भएका व्यक्तिका लागि विशेष बचत खाता हो । यो योजनाअन्तर्गत

Ncell

खाता खोल्ने ग्राहकले आकर्षक योजनासहितको एनसेलको सिम कार्ड र बैंकको विभिन्न सुविधाहरूको फाइदा लिन सक्ने बैंकले जनाएको छ । सम्झौताअनुरूप बैंकमा खाता खोल्ने ग्राहकले १२ महिनासम्म हरेक महिना ग्लोबल बैंकको मोबाइल बैंकिङ एप, ग्लोबल स्मार्ट प्लस प्रयोग गर्न २५० एमबी डेटा प्राप्त गर्नेछन् । यस योजनाअन्तर्गतको सिम कार्डमा ग्राहकले २० को मेन ब्यालेन्स, ७ दिनको समय सिमा रहेको २० मिनेट अन नेट टक टाइम, २० वटा अन नेट एसएमएस र २०० एमबी डेटा पनि प्राप्त गर्ने जनाइएको छ ।

त्यस्तै सिम सुचारु भएको पहिलो २ दिनमा भएको रु १०० वा सो भन्दा बढीको रिचार्जमा ग्राहकले १०० मिनेट अन नेट टक टाइम र १०० एमबी डेटा प्राप्त गर्नेछन् । प्राप्त सेवा, सुविधा ७ दिनका लागि मान्य रहनेछ । यसका साथै ग्राहकले १२ महिनासम्म हरेक रिचार्जमा १० प्रतिशत रिचार्जमा बोनसको फाइदा लिन सक्छन् भने भारत, मलेसिया तथा खाडीमुलुकमाकल गर्ने शुल्कमा छुटको फाइदा पनि लिन सक्छन् । सहयात्री सिममा ग्राहकका लागि एनसेल जब सपमा एक महिनाको निःशुल्क पहुँच र मासिक प्लानमा ५० प्रतिशत छुट पनि रहेको छ । यसका साथै ग्राहकले कल आयो पैसा पायो, बीप सेवा तथा निश्चित स्थानमा निःशुल्क रोमिङ सेवा जस्ता सेवाहरूको फाइदा पनि लिन सक्ने कम्पनीले जनाएको छ ।

## अख्तियार.....

व्यवस्थापन तथा अभिलेखांकन अन्तर्गत भू-सूचना प्रणालीको प्रयोग बढाउने, सरकारी र सार्वजनिक जग्गाको अभिलेख व्यवस्थित गर्ने, हदबन्दीभन्दा बढी जग्गा सरकार मातहतमा ल्याउने तथा सरकारी जग्गा भाडामा वा लिजमा दिने आधार/सूचकसहितको पारदर्शी मापदण्ड बनाउने,

-वन क्षेत्र व्यवस्थापन गर्ने, अतिक्रमण रोक्ने तथा दोहन, कटान र तस्करी नियन्त्रण गर्ने तथा वनक्षेत्रभित्र अनुमतिपश्चात मात्र निर्माण कार्य गर्ने,

- कृषि अनुदान सदुपयोगका लागि कृषक पहिचान, अनुदानग्राही वर्गीकरण र भुक्तानी प्रणाली सुधार

**सञ्चार, सूचना प्रविधि र पर्यटनसम्बन्धी**

- महामारी पूर्वानुमान गरी सो बमोजिम स्वास्थ्य सेवा प्रदान गर्न सक्ने गरी जनशक्ति, पूर्वाधार,

औषधी, उपचार र उपकरण तथा सरकारी अनुदान र सहुलियतपूर्ण उपचार कोष लगायतको उचित व्यवस्थापन गर्ने, निजी तथा सामुदायिक अस्पतालहरूको सेवा सुलभ र प्रभावकारी बनाउने, व्यावहारिक अनुगमन प्रणाली बनाई कमजोरी देखिएमा कारबाहीको दायरामा ल्याउने तथा स्वास्थ्य मापदण्डको पालना गर्ने गराउने, प्रतिस्पर्धा र आवश्यकताको आधारमा मात्र शिक्षक भर्ना गर्ने, नक्कली प्रमाणपत्रहरूको प्रयोगबाट सरकारी हानि नोक्सानी हुन नदिन आवश्यक व्यवस्था गर्ने साथै दुर्गममा समेत शैक्षिक सत्रको सुरुवाती समयमै पाठ्यपुस्तक उपलब्ध गराउने ।

**सञ्चार, सूचना प्रविधि र पर्यटनसम्बन्धी**

-दूरसञ्चार सेवाको विस्तार, प्रविधि खरिद र व्यवस्थापनमा पारदर्शिता, स्वच्छता र प्रतिस्पर्धा कायम गर्ने,

- सूचना प्रविधिको पहुँच सुनिश्चित गर्ने गरी सार्वजनिक सेवा प्रवाहमा सूचना प्रविधि र सञ्चार सेवाको सदुपयोग बढाउने,

- हुलाक सेवालाई समयानुकूल परिमार्जन गरी प्रतिस्पर्धात्मक र विश्वसनीय बनाउने,

एन ।

- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निजी कुरियर सेवा प्रदायकहरूको नियमन प्रभावकारी बनाई यस्ता कारोबारहरूलाई करको दायरामा ल्याउने,

- क्यासिनो व्यवसाय सञ्चालन अनुमति, नवीकरण र हरेक क्यासिनो खेलसम्बद्ध कारोबारमा सरकारले प्राप्त गर्नुपर्ने राजस्व छली रोक्न निगरानी प्रणाली र प्रविधिको विकास गरी कार्यान्वयनमा ल्याउने ।

-पर्यटकीय होटल, रेस्टुरेन्ट तथा आवास गृहहरूको सेवा र उत्पादनमा निश्चित गुणस्तर कायम गर्न मापदण्ड निर्माण गरी कार्यान्वयन गर्ने तथा सोको कडाइका साथ पालना गर्ने व्यवस्था मिलाउने,

- मुलुकमा आवश्यक आन्तरिक तथा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणस्थानहरू यकिन गर्न राष्ट्रिय रणनीतिक योजना बनाएर मात्र विमानस्थल निर्माण तथा स्तरोन्नतिका कार्यक्रमहरूको सञ्चालन गर्ने व्यवस्था मिलाउने,

- विमानस्थल निर्माण/मर्मत कार्यको ठेक्काको स्पेसिफिकेसन, लागत अनुमान तथा मूल्यांकनमा कानुनको पालना तथा पारदर्शिता कायम गर्न मन्त्रालयले उत्तरदायित्व बहन गर्न यस्ता प्रक्रियाहरूलाई स्वच्छ, वस्तुगत र प्रतिस्पर्धी बनाउन आवश्यक निगरानी र सुपरीवेक्षणको व्यवस्था मिलाउने,

-विमान र विमानका औजार-उपकरण खरिदसम्बन्धी मौजुदा कानुन र खरिद अभ्यासहरूमा परिमार्जन गरी दुरुपयोग र अनियमितता हुन नदिने पर्याप्त नियन्त्रण र सन्तुलनका व्यवस्था मिलाउने,

-महामारीको समयमा समेत मौकाको फाइदा उठाई अन्तर्राष्ट्रिय उडान अनुमति र टिकट बिक्री वितरणमा हुने मिलेमतो तथा अनियमितता अन्त्य गर्न मापदण्ड र आचारसंहिता बनाई कडाइका साथ कार्यान्वयनमा ल्याउने,

-नेपाल वायुसेवा निगमको सेवालाई गुणस्तरीय, विश्वसनीय, भरपर्दो र अनुमानयोग्य बनाउन नियमित उडान, दक्ष जनशक्तिको विकास, टिकट बिक्री प्रणालीमा सुधारलगायत समग्र व्यवस्थापन कुशलता कायम गर्ने,

**विविध विषयसम्बन्धी**

- प्रहरी सेवालाई सक्षम, स्वच्छ, विश्वसनीय र आकर्षक सेवामा रूपान्तरण गर्ने,

-सुरक्षा निकायका कल्याण कारी कोषलाई कर्मचारी परिवारको हित तथा कल्याणका कार्यमा मात्र परिचालन गर्ने र कोषको दुरुपयोग नियन्त्रण गर्ने व्यवस्थाका लागि कानुन तथा कार्यविधिमा आवश्यक सुधार गरी लागू गर्ने,

- सहकारी क्षेत्रमा टाठाबाठा प्रभुत्व वर्गको नियन्त्रण, लगानी जोखिम, सम्पत्ति शुद्धीकरण, अनुत्पादक क्षेत्रमा बढ्दो लगानी जस्ता विकृति नियन्त्रण गर्न नियामक निकायलाई सक्षम र स्वायत्त बनाउने,

- सरकारी अभिलेख व्यवस्थापन प्रणालीमा सुधार गर्ने ।

*प्रवक्ता, नारायण प्रसाद रिसाल*

## कांग्रेस......

अधिवेशन सम्पन्न भएको छ भने १३ जिल्लामा जिल्ला अधिवेशन सम्पन्न भएको छ । कार्यतालिकाअनुसार २७ गतेदेखि अधिवेशन प्रक्रिया शुरु गर्न लागिएको जिल्लामा पालिका अधिवेशन कात्तिक ३० गते गरिँदै छ भने प्रदेशसभा अधिवेशन मंसिर ३ र प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन तथा एकमात्र निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन मंसिर ६ गते गरिँदै छ ।

त्यसपछि महाधिवेशन तोकेकै समय हुने पनि काँग्रेस स्रोतले बताएका छन् ।

## देशभर....

संस्कृतिलाई जोगाउन र नेपाली संस्कृतिको माध्यमद्धारा समाजमा लुकेर बसेका बाहिर आउन नसकेको कतिपय बिषयहरु यस्तै नेपाली लोक गीतहरुवाट आउने हुदा नेपाली समाजमा यस्ता लोक दोहोरी गीतको महत्व झनै बढेको बताउनु भएको थियो ।

बिशेष अतिथिमा गोकर्णेश्वरका प्रमुख प्रसाशकीय अधिकृत राम प्रसाद आचार्य लगायत थुप्रै व्यात्तित्वहरु रहनु भएको थियो ।

कार्यक्रममा नाम चलेका रेशम थापा, राधिका हमाल, नवराज घोरासैनी, इन्दिरा गुरुङ, कल्पना दाहाल, प्रदिप रोक्का, मञ्जु गौतम लगायत थुप्रै लोक गीत कलाकारहरुले भाग लिएका थिए ।

कार्यक्रमको सभापतित्व सुनखरी मल्टिमिडियाका सुर्दशन घिमिरेले गर्नुभएको थियो ।

## भक्तपुर......

मानन्धर, सदस्यहरु ( एसोसियट)तर्फ जितेन्द्र खायमली, र ाजेश त्वानाबास र लोव्साङ्ग लामा सर्वसम्मत रुपमा चुनिएका छन् । कार्यसमिति सदस्य (महिला) तर्फबाट पनि आस्था शाख र श्रीया बल्ल सर्वसम्मत रुपमा चुनिएका छन् ।

## न्यायालय.....

पर्छ । यसरी दुनिया हसाउने गरी नेपालको बिश्वासिलो क्षेत्र न्यायालयलाई बन्दी बनाएर राख्नु नेपालको हितमा हुदैन । त्यसैले विवाद पक्षहरुले वेलैमा सोच्न जरुरी छ ।

## परिचय.....

को लेखक नजिक छ भन्ने देखाउन समेत यसले काम गर्छ ।'

साहित्यकारराजन मुकारुङ पनिराज्यले परिचयपत्र दिँदैमा कोही व्यक्ति लेखक नहुने बताउँछन् । मुकारुङका अनुसार पाठक, जनतार समुदायले नै कुनै पनि व्यक्तिलाई लेखक बनाउँछ । 'फारम भरेर आवेदन दिई पुरस्कार लिने परम्परा विगतमा पनि थियो । त्यही शैलीको सिको गरेर लेखक साहित्यकार परिचयपत्र दिन खोज्नु सिर्जनशीलताको उपहास हो,' मुकारुङले भने ।

क-कसले पाउँछन् 'लेखक साहित्यकार परिचयपत्र' ?

नेपाल प्रज्ञा प्रतिष्ठानका सदस्यसचिव जगतप्रसाद उपाध्यायका अनुसार २०७५ सालदेखि नै साहित्यकार परिचयपत्र वितरण कार्यविधि बनाउने काम शुरु भएको थियो । त्यतिबेला साहित्यकारको वर्ग छुट्याएर परिचयपत्र दिने भनिएपनि त्यसो गर्दा वर्गीय भिन्नता देखिने भएकाले सबैलाई एकैप्रकारको परिचयत्र वितरण गर्ने निर्णय गरिएको हो ।

'अहिले हामीले नेपाल प्रज्ञा प्रतिष्ठान लेखक साहित्यकार परिचयपत्र कार्यविधि २०७७ बनाएका छौं,' उनले भने, 'त्यही कार्यविधि अनुसार भाषा, साहित्य, संस्कृति, दर्शनशास्त्रर सामाजिकशास्त्रमा काम गरेका लेखकको यदि एउटा पुस्तक प्रकाशन वाराष्ट्रिय अन्तर्राष्ट्रिय अनुसन्धानमूलक लेख प्रकाशित छ भने उसलाई परिचयपत्र दिइन्छ । लेखकले आफ्नो विवरण भरेर आवेदन दिएपछि मात्र त्यो लिन पाइने प्रावधान बनाइएको छ । अहिले अनलाइनबाट फारम भर्ने व्यवस्था गरिएपनि फारम भरेपछि सिफारिस समितिले कुलपति समक्ष सिफारिस गर्नुपर्छ । यसपछि मात्र नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपतिको हस्ताक्षर सहितको परिचयपत्र प्राप्त हुन्छ ।

परिचयपत्रमा लेखक-साहित्यकारका नाम-उपनाम, नागरिकता नम्बर, जिल्ला, जन्ममिति, विषय क्षेत्रर विधा खुलाइने छ । परिचयपत्रकै लागि नेपाल प्रज्ञा प्रतिष्ठानका सदस्यसचिवको संयोजकत्वमा 'लेखक साहित्यकार परिचयपत्र सिफारिस समिति' बनाइएको छ । अहिले जगतप्रसाद उपाध्याय नै परिचयपत्र सिफारिस समितिका संयोजक छन् । जुन समितिले कुलपतिसमक्ष लेखक सिफारिस गरेपछि मात्र परिचयपत्र दिइन्छ ।

प्रज्ञा प्रतिष्ठानले अनलाइनबाट नै परिचयपत्रका लागि फारम भर्न मिल्ने बताएपनि नयाँ वेबसाइट बनाउने भनेर अहिले चलिरहेको वेबसाइटमा फारम भर्ने व्यवस्था गरिएको छैन ।

यता सरकारी नियुक्तिका विभिन्न पदमा बसिसकेका साहित्यकारले भने प्रज्ञाको कामलाई स्वागत गरेका छन् । आइतबार नै प्रज्ञा प्रतिष्ठानका पूर्वकुलपति वैरागी काइँलाले लेखक साहित्यकार परिचयपत्र वितरण गरेर उपयोगी काम गरेको प्रतिक्रिया दिएका छन् । यस्तै नेपाल संगीत तथा नाट्य प्रतिष्ठानका कुलपति नारायणभक्त श्रेष्ठ 'रायन'र नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका कुलपति केके कर्माचार्यले शुभकामना व्यक्त गरेका छन् ।

# अनुदानका लागि प्रेस काउन्सिलले माग्यो निवेदन

काठमाडौं । प्रेस काउन्सिल नेपालले विभिन्न क्षेत्रमा मिडिया र पत्रकारलाई अनुदानका दिन निवेदन आह्वान गरेको छ । मिडिया विकास कोषको आर्थिक वर्ष २०७८/७९ वर्षको बजेटमा स्वीकृत कार्यक्रम अनुसार अनुदानका लागि काउन्सिनल सूचना जारी गरेको हो । अनुदानका लागि तोकिएको सर्त पूरा गरी ३५ दिनभित्र काउन्सिलको कार्यालयमा निवेदन दिने सूचनामा उल्लेख गरिएको छ । काउन्सिले निवेदनका आधारमा २० जिल्लामा एक/एकवटा दरले ल्याप्टप खरिदका लागि ४० प्रतिशत, पाँच जिल्लामा एक/एकवटा क्यामेरा खरिदका लागि ३० देखि ४० प्रतिशत, दुईवटा प्रेस स्थापनाका लागि अनुदान, दुईवटा रेडियो स्थापना र प्रत्येक प्रदेशबाट दुई/दुई जनालाई इन्टरनेट जडानमा अनुदान दिनेछ । यस्तै, पत्रकारका लागि प्रत्येक प्रदेशबाट ३ जनाका दरले २१ जनालाई लेखनवृत्ति र स्नातकोत्तर तहमा सोधपत्र लेखनका लागि प्रत्येक प्रदेशबाट एकजना गरी ७ जनालाई अनुदान उपलब्ध गराइने काउन्सिलले जनाएको छ । सहायताका लागि एउटा मिडियाबाट एक जना पत्रकारले कुनै एक सुविधाका लागि मात्रै निवेदन दिन पाइने छ भने सञ्चार गृहले पनि कुनै एक सुविधानका लागि मात्रै निवदेन दिन पाउनेछ । काउन्सिलले दुर्गम, स्थानीय र यसअघि सुविधान नलिएका पत्रकार र सञ्चार माध्यमलाई प्राथमिकतामा दिइने बताएको छ ।

# रकम निकासी नहुँदा तनहुँका ११० विद्यालयका भवन निर्माण रोकियो

तनहुँ । भूकम्पमा क्षति पुगेर पुनर्निर्माण भइरहेका तनहुँका ११० वटा विद्यालयको रकम अभावले काम प्रभावित भएका छन् । केन्द्रीय आयोजना कार्यान्वयन इकाइले समयमा नै रकम निकासी नगर्दा भवन अधुरै रहेको हो । पुनरनिर्माणका लागि ठेक्का सम्झौता भई ७ करोड १५ लाख रुपियाँ भुक्तानी दिन बाँकी रहेको भवन अधुरै रहको शिक्षा विकास तथा समन्वय इकाई तनहुँले जनाएको छ । उक्त सङ्ख्याका विद्यालयमध्ये ६० वटा विद्यालयको भवन निर्माण कार्य अन्तिम चरणमा पुगेको तर वजेटको निकासी नहुँदा भवन निर्माण र ोकिएको इकाईका इन्जिनियर अनिलकुमार श्रेष्ठले जानकारी दिनुभयो । गत आर्थिक वर्षमा सम्झौता भएर सम्पन्न हुने प्रक्रियामा रहेका विद्यालयलाई रकम अपुग भएको इकाईले जनाएको छ । असारमा १० करोड माग गरी पठाएकोमा दुई करोड मात्रै निकासी भएकोले भुक्तानी दिन कठिनाई भएको इन्जिनियर श्रेष्ठले जानकारी दिनुभयो । ३९ वटा चार कोठेको लागि २९ करोड ४३ लाख, ३ वटा ३ कोठेको लागि २ करोड ६ लाख ५९ हजार, २ कोठेका १२ वटा शौचालयको लागि ४ करोड ९९ लाख ४१ हजार ३० र खानेपानी २६ वटाको लागि ७ करोड ७९ लाख ९४ गरी भ्याट बाहेक ४८ करोड १३ लाख ७९ हजार रुपियाँ लागतमा ११० वटा निर्माणाधीन रहेको इकाईका सव इन्जिनियर विनोद गिरीले जानकारी दिनुभयो । आर्थिक वर्ष २०७६-७७ को १९६ विद्यालय स्वीकृतमध्ये ८६ वटा भने निर्माण सम्पन्न भएको इकाइले जनाएको छ । पुस महिनासम्ममा पुनर्निमाण गर्ने भनिएको भएपनि रकम निकासी नहुँदा समयमा सम्पन्न गर्न नसकिने अवस्था आएको इन्जिनियर श्रेष्ठले बताउनु भयो । असारमै निर्माण पुर ा गर्नुपर्ने भएपनि रकम समयमा नआएकाले अधुरै भएकोले ६ महिना म्याद थप गरिएको उहाँले जानकारी दिनुभयो ।

# जाडो मौसममा कक्षाभित्र बस्दैनन् विद्यार्थी

बागलुङ । विद्यालयको चौरभरी समुहमा विद्यार्थी बसेका छन् । झट्ट हेर्दा कुनै एक विषयमा भएको समुह कार्यजस्तो देखिन्छ । प्रत्येक समुहमा एक-एक जना शिक्षक छन् । कक्षा कोठा खाली छन् । यस्तो दृश्य देख्न पाईन्छ ढोरपाटन नगरपालिका(९ को ज्योति विकास आधारभुत विद्यालयमा । ढोरपाटन उपत्यकामा चिसो मौसम सुरु भएपछि जाडो छल्न चौरमा बसेर शैक्षिक क्रियाकलप सञ्चालन गरिएको हो । हरेक दिनको प्राथना सकिएपछि विद्यार्थीहरु विद्यालयको चौरमा आफ्नो कक्षा अनुसारको समुह बनाएर चौरमा बस्छन् । कक्षा शिक्षकको विद्यार्थीको बसाइँअनुसार चौरमै सेतो पाटी राखेर, नियमित कक्षा सञ्चालन गर्ने विद्यालयका प्रधानध्यापक चकबहादुर अदैले जानकारी दिनुभयो । चिसो भुई र शितको पानी चुहिने टिनको छानामुनी बस्नै नसक्ने अवस्था रहेको विद्यार्थी कमल विकले बताउनुभयो । 'पहिलो घन्टीमा कक्षाभित्र बस्नै कठिन छ' उहाँले भन्नुभयो, 'रातभरको तुसारो पग्लिने समय हुँदा किताबभरी बेन्चमा पानी पर्छ ।' कात्तिकदेखि पुसको दोस्रो हप्तासम्म चौरमा पठनपाठन हुने शिक्षक श्याम विकले बताउनुभयो ।

## अन्तराष्ट्रिय समाचार

# नयाँ दिल्लीमा प्रदुषणका कारण एक साताका लागि विद्यालय बन्द

एजेन्सी । प्रदुषणको चपेटामा परेको भारतीय राजधानी नयाँदिल्लीमा एक साताका लागि विद्यालय बन्द गरिएको छ । त्यसैगरी निर्माण क्षेत्रमा पनि चार दिन काम बन्द गरिएको छ । नयाँ दिल्लीका मूख्यमन्त्री अरविन्द केरजरीवालले अत्यधिक प्रदुषणको मार बालबालिकामा पर्न नदिन विद्यालय क्षेत्र बन्द गरिएको भन्दै प्रदुषण लकडाउन गर्ने विषयमा पनि छलफल भईरहेको बताएका छन् । सरकारी कार्यालयहरु पनि घरबाटै चलाउन भनिएको भने निजी ब्यापारिक क्षेत्रलाई पनि सकेसम्म घरबाटै चलाउन भनिएको छ । कार्खाना र सवारी साधनबाट उत्पन्न धुवाँसाथै कृषि क्षेत्रबाट उत्पन्न प्रदुषणले दिल्लीको आकाश ढाक्ने गरेको छ । हरेक वर्षको हिउँदमा यो क्रम बढ्दो क्रममा रहेको छ । शनिबार भारतीय सर्वोच्च अदालतले प्रदुषण नियन्त्रणका लागि लकडाउन गर्न पनि सरकारलाई सुझाव दिएको छ । सर्वोच्च अदालतको सुझावमाथि छलफल भईरहेको भन्दै मूख्यमन्त्री केजरीवालले यसअघि कहिल्यै पनि प्रदुषण लकडाउन नभएकाले सरोकारवालाहरुसंगको छलफलपछि निर्णय लिने बताएका हुन् ।

यस्तै भारतीय प्रदुषण नियन्त्रण वोर्डले पनि प्रदुषण नियन्त्रणका लागि कठोर कदमका लागि तयार रहन भनेको छ । सो वोर्डले हावाको कमजोर गतिका कारण कम्तिमा नोभेम्बर १८ भन्दा पहिले प्रदुषण पातलिने सम्भावना नरहेको बताएको छ ।

# कैदीहरुबीच झडप हुँदा ६८ जनाको मृत्यु

एजेन्सी । इक्वेडरको एउटा जेलमा कैदीहरुबीच भएको झडपमा कम्तिमा ६८ जना मारिएका छन् । झडपपछि स्थितिलाई नियन्त्रणमा लिन सयौंको संख्यामा सेना परिचालन गरिएको छ । गत सेप्टेम्बरमा सय जनाको ज्यान गएको जेलमा फेरि झडप भएको हो । गुयाछिल शहरमा रहेको जेलमा झडप हुँदा कैदीहरुको मृत्यु भएको हो । झडपपछि जेलभित्र प्रवेश गरेको प्रहरीले विष्फोटक पदार्थ र बन्दुह भारी मात्रामा फेला पारेको छ । यो वर्षभित्र नै इक्वेडरका जेलमा भएको झडपमा २ सय भन्दा बढीको मृत्यु भइसकेको छ । जेलको एउटा ब्लकमा बस्दै आएका कैदीहरु घिस्रेर अर्को ब्लकमा छिरेर विरोधी समूहका कैदीमाथि आक्रमण गरेको प्रारम्भिक छानविनबाट पत्ता लागेको छ । कतिपय कैदीहरु टाउको छिनालिएको अवस्थामा फेला परेको सुरक्षाकर्मीहरुले बताएका छन् । यसै महिनाको शुरुमा पनि सोही जेलमा झडप हुँदा तीन जना कैदीको मृत्यु भएको थियो भने २५ जना घाइते भएका थिए । मेक्सिकोका माफिया समूह र तस्करहरुको प्रभाव जेलमा बढेकाले बारम्बार झडप भईरहेको इक्वेडरका अधिकारीहरुको भनाइ छ । तर, माफिया समूहले इक्वेडरका जेलमा मात्रै नभई ठूलो क्षेत्रमा समेत कब्जा जमाईसकेको बीबीसीले जनाएको छ । इक्वेडरमा बढेको माफिया समूहको प्रभाव घटाउन दशक भन्दा बढी लाग्ने र छिमेकी कोलम्विया, अमेरिका र युरोपेली युनियनले सहयोग गर्नुपर्ने अवस्था रहेको छ ।

# राष्ट्रपतिकी छोरीले उपराष्ट्रपतिमा उम्मेदवारी दिने

एजेन्सी । फिलिपिन्समा राष्ट्रपतिकी छोरीले उपराष्ट्रपति पदका लागि प्रतिस्पर्धा गर्ने भएकी छन् । बहिर्गमनको चरणमा रहनुभएका फिलिपिन्सका राष्ट्रपति रोड्रिगो डुटेर्टेकी छोरी सारा डुटेर्टेले उपराष्ट्रपतिमा प्रतिस्पर्धा गर्न लागेकी हुन् । साराले आगामी सन् २०२२ मा हुने निर्वाचनमा देशको दोस्रो ठूलो पदका लागि प्रतिस्पर्धा गर्न लागेको निर्वाचन आयोगले जनाएको छ ।

देशको प्रभावशाली पार्टी लकास सि एम डी पार्टीको तर्फबाट उनले उम्मेदवारी दर्ता गराएको आयोगका अधिकारीहरूले जानकारी दिएका छन् ।

उम्मेदवारी दर्ताका लागि तोकिएको समयावधि सकिनै लाग्दा उनले उम्मेदवारी दर्ता गराएकी हुन् । निर्वाचन आयोगले आगामी मे महिनामा हुने निर्वाचनका लागि यही नोभेम्बर १५ सम्ममा उम्मेदवारी दर्ता गराउने समयावधि तोकेको छ । साराले पहिला आफ्ना पिताको उत्तराधिकारी नै हुनेगरी राष्ट्रपतिमै प्रतिस्पर्धा गर्ने तयारी गरे पनि मापदण्ड पूरा नभएकाले अहिले उपराष्ट्रपतिमा उम्मेदवारी दिएकी हुन् । जनताले चाहे अनुसार काम गर्ने गरेकाले मतदाताले आफूलाई निर्वाचित गराउने उनको विश्वास छ ।

# चीनमा ११६ वर्षयताकै उच्च हिमपात

एजेन्सी । चीनमा ११६ वर्षयताकै उच्च हिमपात भएको छ । उत्तरपूर्वी चीनको लियाओनिङ प्रान्तमा ११६ वर्ष यताकै उच्च हिमपात भएको बीबीसीले जनाएको छ । सन् १९०५ पछि पहिलोपटक सो क्षेत्रमा उच्च हिमपात भएको बताइएको छ । गत आइतबारदेखि हिमपात सुरु भएको थियो । सो क्षेत्रमा औसतभन्दा २० इन्च बढी हिउँ जमेको बताइएको छ ।

भारी हिमपातपछि रेल, हवाई र अन्य सवारी साधन बन्द भएको छ । छिमेकी मंगोलियामा भारी हिमपातपछिको हिम आँधीका कारण १ जनाको मृत्यु भएको छ भने ५ हजार ६ सयभन्दा बढी मानिस विस्थापित भएका छन् । यसवर्ष हिउँद सुरु हुनुअगावै एक्कासी भारी हिमपात भएको त्यहाँका मौसमविद्ले बताएका छन् । भारी हिमपातपछि चिसो हावा चल्ने भन्दै मंगोलिया र उत्तरपूर्वी चीनका करिब २७ क्षेत्रलाई रातो सूचीमा राखिएको छ ।

हिमपातका कारण जनजीवन कष्टकर बनेको भन्दै स्थानीय सरकारले सबैलाई न्यानो भएर बस्न र खाद्यान्न सञ्चित गर्न सूचना जारी गरेको छ । यसअघि गएको सेप्टेम्बरमा उत्तरपूर्वी चीनमा विद्युत आपूर्ति अभाव हुँदा त्यहाँका मानिसको जनजीवन कष्टकर बनेको थियो ।

# श्रीलंकामा बाढीपहिरोमा परेर १६ जनाको मृत्यु, हजारौं विस्थापित

एजेन्सी । श्रीलंकामा एक हप्तादेखि भएको भारी वर्षापछि आएको बाढी र पहिरोमा परेर १६ जनाको मृत्यु भएको छ ।

बाढीपहिरोका कारण पाँच हजारभन्दा धेरै मानिस विस्थापित भएको त्यहाँको विपद् प्रवर्द्धन केन्द्रले जनाएको छ । विस्थापितलाई राहत शिविरमा राखिएको छ । उनीहरुलाई सरकारले खानपानको व्यवस्था मिलाएको छ ।

अधिकांशको मृत्यु डुबान र चट्याङबाट भएको केन्द्रले जनाएको छ । एक जना बेपत्ता भएको खबर पनि अन्तर्राष्ट्रिय सञ्चारमाध्यममा छापिएका छन् ।

सामान्यतया श्रीलंकामा अक्टुबर र नोभेम्बरमा मनसुन सक्रिय रहने गर्छ । यस वर्ष देशभर सामान्यभन्दा धेरै वर्षा भएको त्यहाँको मौसम पूर्वानुमान शाखाले जनाएको छ ।

# मेरो पियारो मातृपुर – पूर्ण ओली

निकै समयपछि कीर्तिपुरस्थित त्रिविविको आँगनी टेकियो । चानचुने अन्तराल होइन । चानचुन तीनसय पचास महिनापछि । कोसेलीको रूपमा मनका आँचलभरि अतितका सपनाहरू अटेसमटेस खाँदेकै थिएँ । टाढै पोइल गएकी छोरीले माइतीको चुलोचौको सम्झँदै टाउकोमुन्टो टेक्दै आइपुगेजसरी वा विदेशमा कमाउन गएको छोराले निकै वर्षपछि सपनाको भारी बोकेर घरमा फर्किएजसरी ।एक हातमा विस्फारित एक जोरआँखा र अर्को हातमा उफ्रिरहेको मुटु लिएर फालहाल्दै आइपुगेको थिएँ । भन्न त दक्षिणकाली जाने बाटोबाट मोडिएर त्रिविवि प्रवेशद्वार छिर्नेबित्तिकै सुमनलाई भनेको थिएँ, म अब पैदलै जान्छु, तपाईं अघि लाग्नुस् । सुमनले भनेको मानेको भए पो ? उनले, उसो भए म यतैबाट फर्किन्छु ! भनी छेकबारजस्तो घुर्की तेर्स्याइहाले । उसोभए खुट्टा चालेसरी बिस्तारै बिस्तारै जाम् न त ! भन्दै गाडी चालक सुमनबहादुर सार्कीसँग एकबुँदे सम्झौता गर्न बाध्य भएको थिएँ म । अरूको लागि कीर्तिपुर, मेरोलागि प्राणभन्दा पियारो मातृपुर । धिमा गतिमा उक्लँदै गर्दा हेर्छु परपरसम्म । कीर्तिपुरको ओखाकोखामा अलिअलि भौतिक संरचना थपिए पनि मूलभूत परिवर्तन छैन । राज्यको सर्वोपरि लक्ष्य र संरचनामा आमूल परिवर्तनकारी सन्तान जन्माउने वर्षौंदै आमाको रूपरङमा सकारात्मक परिवर्तन पटक्कै छैन । च्यातिएको चोली र गोबर गन्हाउने गुन्यू बेरेर घैया मकै गोड्दै गरेकी गाउँले आमाजस्तै । त्रिविवि यताउति नहेरी टाउको जमिनमा जोतेर गोडमेलमै व्यस्त छिन् । वर्षौं पहिले हराएको आफ्नै सन्तान आइपुगेको देखेर चालै नपाएसरी न हर्ष छ न विस्मात नै । कीर्तिपुरको ढिकमनिको जङ्गल उस्तै छ । पाखापखेरा उस्तै छन् । देब्रेपट्टि भने केही रूखहरू र बाक्लो घाँस उखेलेर कङ्क्रिट रूखहरू रोपिएका रहेछन् । दायाँतिरको यही जङ्गलभित्र पसिन्थ्यो बिहानै पुस्तकरूपी गाईबाख्रा चराउन । जङ्गलभित्र ती अबोध पशुजस्ता पुस्तकहरू टन्नै अघाएपछि खेद्दै लगिन्थ्यो नयाँबजारसम्म । नयाँ भनिए पनि कीर्तिपुरेको लागि बाहेक अरूको लेखी नयाँ प्रतीत हुन्नथ्यो त्यो बजार । काखबाट वक्षस्थलतिर जतिजति उँभोउँभो लाग्दै छु उतिउति बेचैन भएको छु । नयाँबजार जाने बाटोलाई देब्रेतिरबाट अगाडि जान दिएर म मोडिन्छु दायाँतिर । देब्रेतिर रहेको छात्रावासबाट कोही चिनेको सहपाठीले, ओइ, पूर्णे ? फेरि आइपुगिस् ? भन्दै बोलाउला कि भनी ठाडठाडा कान पारिरहन्छु । कसैले बोलाए पो । अलिकति पर पुगेपछि भेटिन्छ व्यवस्थापन केन्द्रीय विभागको उही भवन । माइतीको सङ्घारबाट भित्र छिरेझैँ खुट्टा हलुकासित नाच्न थालिसकेका छन् । मन विछट्टै चङ्गिएको छ । उति बेलाको कक्षा यता पनि चल्थ्यो । अर्थशास्त्र केन्द्रीय विभाग पल्लो मैरोमा छ । घरमा आक्कलझुक्कल आइपुग्ने आफ्नै चेलाचेलीहरूको स्वागतार्थ बढारकुँढार कतै देखिँदैन । मैरोभरि कसेरमसेर । आमाबाबुबिनाको माइती पुगेकी चेलीतुल्य विचलित हुन्छु म । अलि पर पुगेर दायाँतिर मोडिन्छु । आँखासँगै डुलीहिड्ने मन भरङ्ग भरङ्ग भैरहेको छ । बा चुलो पनि चिसै छ कि ? निज्याएर हेर्छु । बोर्ड उही छः केन्द्रीय पुस्तकालय । ओदान टेकाइएको अगेनाको स्वरुप पनि जस्ताको तस्तै छ । चिसा दाउरा सल्किएझैँ धुवाँ कुइरीपत्त्योल छ । भित्ता र डाँडाभाटामा एकएक पाथी धुइँसो थपिएको छ । अगेनो छामिहेर्छु । तातै छ । ढुक्क हुन्छु । लाटोले केरा हेरेझैँ के हेरिरहेको ? पुस्तकालयका कर्मचारीले केरकार गरेपछि होस् ठेगानमा आउँछ, म पुस्तकालयभित्र छिरिसकेको रहेछु । पुस्तक चाँचिएका ऱ्याक हेर्नुको बदला मान्छेका अनुहारहरू र चुलोको धुवाँ खोज्न थालेपछि के भनून् त बरा ? म ? म ? आइएसबिएन लिन आएको । आइएसबिएन !

तीनसय रूपैँया दिनुस् । गोजी छाम्छु । जम्माजम्मी एकसय रुपैयाँ मात्र छ । विकल्पको रूपमा सुमनलाई सम्झन्छु । उसलाई त, तिमी जहाँ रम्न सक्छौ उतै रम मलाई केही घण्टा यहीँभित्र रम्न देऊ ! भनेर पहिल्यै लखेटिसकेको छु । आइएसबिएन पछि लिन्छु । आजलाई लोकसाहित्यसम्बन्धी पुस्तक हेर्छु नि त । भन्दै म प्रवेश कक्षबाट देब्रेतिरको कोठामा छिर्न खोज्छु । जहाँ तीस वर्ष पहिले दिनभर धुम्धुम्ती पुस्तकको खातमा घोप्टिरहन्थेँ । त्यता होइन । यता यता । मेरो दिशाबोध गरेपछिकर्मचारी कराउँछन् । नाइँ नाइँ, यतै जाने म त । म ढिपी गर्न खोज्छु । उनीहरू मलाई होस् ठेगानमा नरहेको एक पागल अनुमान गरिरहेका छन्, मैले उनीहरूलाई पोइल लखेटिमागेकी चेलीका लेखी नन्द भाउजू देखिरहेको छु । उनीहरूले देखाएकै ठाउँतिर अल्झिने प्रयास गर्छु । आइएसबिएन लिनअर्को दिन आउँछु भन्ने आश्वासन उनीहरूको निम्ति थियो कि आफ्नै निम्ति । आफ्नै निम्ति थियो भन्ने ठहर गरेपछि मन निकै अमिलो हुन्छ । छाती चसक् चसक् दुख्न थाल्छ । म भन्नेबित्तिकै अर्को दिन कहाँ आउनपाउँछु र ? कम्ताका छन् घरपट्टि । बुहारीको निम्ति अनेक गर्‍यौँ भनी फेहरिस्त तयार गर्छन् । तर बुहारीलाई माइती आउन दिँदैनन् । यसै त तीनसय पचास महिना लाग्यो । फेरि कहिले आउन पाउँला र यता ?

घाइते मनलाई खेरखार पार्दै पुस्तक कोचिएका ऱ्याकतिर कुदाउँछु । त्यहाँ मैरै समकालीन पुस्तक मात्र छन् । पुराना ? पुरानै भए पनि बहुमूल्य छन् । मन अल्झाउन सकिने अङ्कुशहरू त छन् । तर मन अल्झँदैन । घरीघरी खसिरहन्छ । म र यो पुस्तकालय मात्र किन यतिविधि थोत्रा ? उठबस गर्दा गर्दा कतै मोबाइल खस्यो कि ? भनी गोजी छाम्छु । मोबाइल गोजीमै छ । खस्न भ्याएको छैन । खस्यो कि सकियो । मेरो सबथोक यसैमा छ । के के भनी साध्य छैन । भनौं नयो मोबाइलमा संसार अटेको छ । यही मोबाइलको ठाँडो मात्र मसँग नयाँ भन्न लायकको केही छ । नाम यसैमा छ । काम यसैमा छ । दाम यसैमा छ । दाम सम्झनेबित्तिकै म बुर्लुक्क उफ्रन्छु । अरे यार्, छ त मसँग पैंसा त ! पाएँ, पाएँ ! हल्ला निषेधित क्षेत्रमा हल्ला मच्चाउँदै क्याशियरतिर दगुर्छु । मैले पुस्तक भेट्टाएको हो कि पैंसा? खुट्याउन सकेको छैन उसले । ऊ पहिलेदेखि नै मसँग हैरान छ । हैरान नहुन पनि सक्छ । किनकि यो ठाउँ नै यस्तो हो जहाँ अर्वाचीन परिभाषाभित्र अट्ने सद्दे मान्छे विरलै पाइन्छन् । आजभोलिका सद्दे मान्छे त आलिसान महलहरूमा मात्र पाइन्छन् ।

ठाउँको ठाउँ के पाउनु भयो ?
मसँग आइएसबिएन लिन पुग्ने पैंसा रहेछ !
खोइ त ?
यी यसमा । मोबाइल देखाउँछु म ।
उसले पहिल्यै कुरा बुझिसकेको रहेछ,
इसेवा छ ? छ, छ ।
उसले इसेवाबाट पैंसा काटेर आइएसबिएनको फाराम उपलब्ध गराउँछ र ११३ नम्बरमा जान अह्राउँछ ।

## भृकुटी मण्डपमा जुत्ता चप्पल मेलामा ग्राहकको भीड करोडौंको ब्यापार

काठमाडौं । फुटवेयर बिजनेस एक्स्पो कार्तिक २६ गतेवाट शुरु भएको छ । फुटवेयर बिजनेस एक्स्पो २०७८ मेलामा नेपालका चर्चित ३० वटा कम्पनिहरुका ३ हजार थरिका जुत्ता चप्पलहरु राखिएको छ । ६० वटा भन्दा मेलामा आउने ग्रहकहरुले १५ प्रतिसत देखि ५० प्रतिसतसम्म छूट पाउनुका साथै नयाँनयाँ मोडेलका जुत्ता तथा




शुरुभएको छ । स्वदेशी वस्तुको प्रवर्द्धन हाम्रो अभियान भन्ने नाराका साथ एककार्यक्रमका बिच प्रमुख अतिथि नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष चन्द्र ढकालले पानसमा दियो बालेर मेलाको उद्घाटन गरेका हुन् ।

प्रमुख अतिथि ढकालले जुत्ता चप्पलमा नेपाल आत्मनिर्भर बन्दै गएकोले स्वदेशी उत्पादनका जुत्ता चप्पलको कारोबार गर्नुपर्नेमा जोड दिएका थिए ।

आफ्नो देशको उत्पादन प्रयोगबाट मात्र समृद्धिको पहल गर्न सकिने र आफ्नै स्वदेशी वस्तुको प्रयोग र निर्यात बढाए मात्र हामी व्यवसायी सँगसँगै देशपनि उभो लाग्ने विचार राखेका थिए ।

फुटवेयर म्यानुफ्याम्चरर्स एशोसिएसन अफ नेपालले हरेक बर्ष गर्दे आइरहेको एक्स्पो यसपालि पनि प्रदर्शनीमार्गस्थित भृकृटीमण्डपमा आयोजना गरेको हो ।

बढि स्टलहरु रहेको मेलामा उपभोक्ताले छानीछानी सस्तो मुल्यमा गुणस्तरिय जुत्ताचप्पल खरिद गर्नसक्ने छन् । चप्पल , बालबालिका तथा लेडिज जुत्ता चप्पल उपलब्ध छ ।मेला कार्तिक २६ गतेदेखी मंसिर १३ गतेसम्म चल्नेछ ।

## परिचयपत्र वितरण कार्य शुरु

काठमाडौं । नेपाल प्रज्ञा प्रतिष्ठानले आइतबार प्रधानमन्त्री शेरबहादुर देउवाको हातबाट संस्कृतिविद् सत्यमोहन जोशी, साहित्यकार बैरागी काइँला लगायतलाई ‘लेखक-साहित्यकार परिचयपत्र’ हस्तान्तरण गर्दै परिचयपत्र वितरण कार्य शुरु गरेको छ ।


प्रतिष्ठानले कार्यविधि नै बनाएर सरकारी मान्यता दिँदै देशभरिका लेखकलाई परिचयपत्र वितरण गर्न थालेको यो पहिलो पटक हो ।

यता साहित्यकारलाई सत्ताको बाहुलीबाट परिचयपत्र दिन लागिएको भन्दै प्रगतिशील लेखकहरूले भने यसको विरोध गरेका छन् । लेखक खगेन्द्र संग्रौलाले सत्ताको हातबाट साीहित्यकारलाई परिचयपत्र दिएर प्रज्ञाले साहित्यकारको चेतनामाथि नै व्यंग्य गरेको प्रतिक्रिया दिँदै कटाक्ष गरेका छन् ।

संग्रौलाले लेखेका छन्, ‘ल हेर ! शासकका बाहुलीबाट लेखक परिचयपत्र वितरण गर्न थालिएछ । आफू त एकबारको जुनीमा सत्ताछापे लेखक नभई मर्ने हो ।’

लेखकराजेन्द्र महर्जनले सत्ताले दिने लेखकको परिचय कदापि स्वीकार्य नहुने प्रतिक्रिया दिएका छन् । ‘यो लेखकको सत्वलाई गरिएको अनादर हो,’ महर्जनले भने, ‘प्रज्ञा प्रतिष्ठानले प्रशासनिक कार्य सजिलो होस् भनेर परिचयपत्र वितरण गरेको भएपनि यसले लेखकहरुबीच वर्ग सिर्जना गरेको छ । सत्तासँग बाँकी ६ पृष्ठमा

## कविताः सुन्दर छ नेपाल



सुन्दर हिमाल पाहाडको देश हाम्रो नेपाल
नदी, नाला, ताल, पोखरी र झर्नाको प्रतिक हाम्रो नेपाल
फुलैफुलको सुगन्धले ढक्कमक्क बगैचा हाम्रो नेपाल
चार जात छत्तिस वर्णमा बिभाजित हाम्रो नेपाल

फरक फरक कला संस्कृति नेपली पहिचान
लुटेर लुटन नसकिने अमर छ हाम्रो स्वाभिमान
देशभन्दा बढी धर्म १२५ जात १२३ भाषा
सहयोगी मनले हेर नेपालीमा बढ्दैछ अभिलाषा

रक्षक डाडा काडा पर्वतहरु
सिरमा छ मणि सेतो हिमाल
मुस्कान दिन्छन सधै खुसी सित
सुन्दर शान्ति हाम्रो देश नेपाल

सरगमाथाको उचाइ जस्तै उच्च नेपाली सिर
पृथ्वी नारायण,भिमसेन र बलभद्र हुन हाम्रा बीर
तातो गोली छातीमा थापी दुश्मन दबेको
पुर्वमा टिष्टा र पश्चिम कागडा नेपाली पुगेको
राष्ट्र हित र रष्ट्रियतासँगै
उर्मादै नयाँ प्रतिभाहरु
गास, बास र कपासले
रमाउनुस सम्पुर्ण नेपालीहरु

नेपली मन नेपाल भुमि मेरो साहारा
प्यारा छन् हेर नेपाली पाखा पखेरा
मुहारभरी खुसी छायो नेपाली पनले
दुःख कष्ट बिर्साउछ आहा नेपाली मनले


बगाउन सक्छ रगतको खोलो
देश विकास गर्नको लागि
झुलाउन सक्छौ दुनियालाई
फुलाउन सक्छौ हाम्रो देश नेपाललाई

हामी छौ जति छौ
सवै तिर बुझौ सम्झौ
एकै ठाउँमा नफुटौ
जुटौ अव उठौ आ-आफ्नै कर्ममा

सत्य धर्म र न्याय चाहान्छौ
यहि हो हाम्रो मनस्थिति
अरुको भरमा बस्ने छैनौ
यहि हो नेपालीको साहासी

सहयोग गर्नु मेलमिलाप गर्नु हाम्रो नेपाली मन्त्र
नेपालको सुन्दरतामा लोभिएको छ मन अत्यन्त
डाँफे हो राष्ट्रिय चरा हेर गुराँस हो फुल
नेपालीलाई सम्मान गर्न कहिल्यै नभुल

**बिशेष चुवान**
मनपा १० रामेछाप



जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
www.janaakash.com.np
का.जि.प्र.का.द.नं. ३५२/०६४-०६५ गो.हु.का. द.नं. १/२०७७/०७८



# चितवनमा पुस पहिलो साता अन्तर्राष्ट्रिय औद्योगिक प्रदर्शनी हुने

काठमाडौ । आगामी पुस २, ३ र ४ गते चितवनमा अन्तर्राष्ट्रिय औद्योगिक प्रदर्शनी हुने भएको छ ।

नेपाल उद्योग परिसंघ र चितवन उद्योग संघको आयोजना एवं मिडिया स्पेस सोलुसन्स र फ्युचर ट्रेड फेयर एन्ड इभेन्ट्सको व्यवस्थापकीय साझेदारीमा तीनदिने प्रदर्शनी हुन लागेको हो ।

प्रदर्शनीमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयअन्तर्गतको लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र तथा राष्ट्रिय आविष्कार केन्द्रको समेत सहभागिता रहनेछ । यसअघि दुई-दुई वर्षमा आयोजना हुँदै आएको प्रदर्शनी यसपटकदेखि वार्षिकरूपमा आयोजना गरिने भएको छ ।

नेपाल उद्योग परिसंघको कार्यालय थापाथलीमा आयोजित पत्रकार सम्मेलनमा दिइएको जानकारीअनुसार प्रदर्शनीमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गरी २०० भन्दा बढी स्टलहरू रहने छन् ।

जसमध्ये लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्रको सिफारिसमा लघु, घरेलु तथा साना उद्यमी र महिला उद्यमीका लागि ३० वटा निःशुल्क स्टलको व्यवस्था गरिने छ । प्रदर्शनीमा उत्कृष्ट हुने लघु, घरेलु तथा साना उद्यमीहरूलाई प्रवर्द्धन केन्द्रको तर्फबाट पुरस्कार तथा सम्मान समेत गरिनेछ । यसैगरी प्रदर्शनीमा राष्ट्रिय आविष्कार केन्द्रले आविष्कार गरेका औद्योगिक उपकरणहरूको समेत प्रदर्शनी हुनेछ ।

परिसंघका कार्यबाहक अध्यक्ष कृष्णप्रसाद अधिकारीले औद्योगिक प्रवर्द्धन, नवीन प्रविधि हस्तान्तरण र पर्यटन प्रवर्द्धनका लागि यो प्रदर्शनी महत्वपूर्ण हुने बताए । 'कोभिड १९ का कारण औद्योगिक गतिविधि सुस्त भएको सन्दर्भमा बजारलाई चलायमान बनाउन यस प्रदर्शनी महत्वपूर्ण सावित हुनेछ,' उनले भने ।




यसैगरी लघु, घरेलु तथा सना उद्योग प्रवर्द्धन केन्द्रका निर्देशक ऋषिराम पंगेनीले उद्यमशीलता प्रवर्द्धनका लागि सरकारले निजी क्षेत्रसँग मिलेर काम गरिरहेको बताए । यसैगरी राष्ट्रिय आविष्कार केन्द्रका प्रवर्तक एवं अध्यक्ष महावीर पुनले उद्यमशीलता र नवीन सोच प्रवर्तनका लागि आविष्कार केन्द्रले काम गरिरहेको उल्लेख गरे ।

चितवन उद्योग संघका अध्यक्ष त्रिलोचन कँडेलले प्रर्दशनीमा आधुनिक प्रविधिहरूको अनुसरण गर्ने र उद्योगीहरूको जिज्ञासा मेटाउने अवसर मिल्ने विश्वास लिइएको बताए । 'प्रदर्शनीमा निःशुल्क प्रवेशको व्यवस्था गरिएको छ भने स-साना औजार, मेशिनदेखि ठूला उद्योगका अत्याधुनिक यन्त्र उपकरणहरू र पूर्वाधार निर्माणमा प्रयोग हुने यन्त्र उपकरणको प्रदर्शनी हुनेछ,' उनले भने ।

प्रदर्शनीमा देशभरका उद्योग तथा व्यवसाय गर्न ईच्छुक नवउद्यमीहरू, विभिन्न राष्ट्रका आधुनिक प्रविधि उत्पादकहरू, औद्योगिक प्रविधिबारे जानकारी राख्न चाहनेहरू व्यवसायिक उत्पादकहरू, नेपाली उद्योगहरूका सञ्चालक, लगानीकर्ताहरू तथा उच्च व्यवस्थापकहरू, उद्यमी तथा उद्यमीका व्यावसायिक परामर्शदाताहरू, वित्तिय सेवा प्रदायकहरू, निर्माणजन्य सामग्री उत्पादकहरू तथा निर्माण व्यवसायीहरू, अनुसन्धानकर्ता, विद्यार्थी, संघ संस्थाका प्रतिनिधिहरू आदि अवलोकनकर्ताको रूपमा रहनेछन् ।उक्त प्रर्दशनी नेपाली उद्यमीहरूलाई नयाँ प्रविधिवारे जानकारी गराउँदै युवाहरूलाई उद्यमशीलतामा प्रोत्साहन गर्ने, नयाँ उद्यमी जन्माउन सहयोग गर्ने उपयुक्त माध्यमको रूपमा रहनेछ । उद्यमीहरूलाई आधुनिक प्रविधि अनुसरण गरी औद्योगिक उत्पादकत्व वृद्धिका लागि प्रोत्साहन गर्ने तथा नविनतम प्रविधि हस्तान्तरणको वातावरण सिर्जना गर्ने महत्वपूर्ण अवसरको रूपमा रहने अन्तर्राष्ट्रिय औद्योगिक प्रदर्शनीमा स्वदेशी एवम् विदेशी उद्योगीहरूबीच प्रत्यक्ष भेटघाट र छलफल हुन गई ब्राण्ड विस्तार तथा अनुभव आदान प्रदानसहित औद्योगिक ज्ञान अभिवृद्धिको महत्वपूर्ण अवसर हुनेछ । यसले स्वदेशी औद्योगिक उत्पादनको अन्तराष्ट्रिय बजारीकरणमा समेत योगदान पुऱ्याउने आयोजकको विश्वास छ ।औद्योगिक प्रवर्द्धनका लागि विषय विज्ञको उपस्थितिमा अन्तरक्रिया आयोजना गरिने र औद्योगीकरणका लागि विश्वमा सफल र उत्कृष्ट ठहरिएका प्रविधिहरूसँग साक्षात्कारको अवसरसहित अनुसरणका लागि उत्प्रेरणा मिल्ने उक्त प्रदर्शनीमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा सफल उद्यमीहरूको विशेष उपस्थितिमा गोष्ठी तथा सेमिनार आयोजना गरिनेछ । प्रदर्शनी अवधिमा पर्यटन, होटल तथा यातायात सेवामार्फत देशको आर्थिक कारोबार बढ्ने हुँदा रोजगार तथा आय आर्जनमा सहयोगी भइ दुई वर्षदेखि कोभिड १९ ले थलिएको अर्थतन्त्रलाई चलायमान बनाउन समेत सहयोग पुग्नेछ । यस प्रर्दशनीलाई सफल बनाउनका लागि नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र, शिक्षा विकास तथा प्रविधि मन्त्रालय, बागमती प्रदेश उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र, राष्ट्रिय आविस्कार केन्द्र, नेपाल घरेलु तथा साना उद्योग महासंघ, चितवनका स्थानीय तहहरूलगायत विभिन्न संघ संस्थाहरूको सहयोगी भूमिका रहेको छ ।

## देउवाको संयोजकत्वमा महाधिवेशनको मूल तयारी समिति गठन

काठमाडौं । सत्तारुढ दल नेपाली काँग्रेसको आइतबारको केन्द्रीय कार्य समितिको बैठकले चौधौं केन्द्रीय महाधिवेशनका लागि प्रधानमन्त्री एवम् काँग्रेस सभापति शेरबहादुर देउवाको संयोकत्वमा मूल तयारी समिति गठन गरेको छ । काँग्रेसका केन्द्रीय पदाधिकारी र केन्द्रीय सदस्य, आमन्त्रित केन्द्रीय सदस्य, संघीय संसदका सदस्य र सात प्रदेशका संसदीय दलका नेताहरु मूल तयारी समितिमा रहने पार्टी प्रवक्ता विश्वप्रकाश शर्माले बताउनुभयो । काँग्रेसको बैठकमा महामन्त्री पूर्णबहादुर खड्काले विविध प्रस्ताव राख्नुभएको उहाँले बताउनुभयो । काँग्रेसको नीति र नेतृत्व चयनको अधिवेशन पनि छुट्टै गर्ने प्रस्ताव राखिएको छ । यसैगरी, चौधौं महाधिवेशन व्यवस्थापनका लागि अर्थ संकलनका लागि सरकारका प्रवक्ता समेत रहनुभएका ज्ञानेन्द्रबहादुर कार्कीको संयोजकत्वमा अर्थ संकलन समिति, केन्द्रीय सदस्य सुरेन्द्रराज पाण्डेको संयोजकत्वमा भोजन तथा आवास, डा. प्रकाशशरण महतको संयोजकत्वमा विदेश पहुना स्वागत तथा व्यवस्थापन समिति, प्रचारप्रसारमा विश्वप्रकाश शर्मा, उद्घाट तथा मञ्च व्यवस्थापनमा काठमाडौं, ललितुर र भक्तपुर जिल्ला सभापतिहरु सदस्य रहने गरी समितिहरु गठन गरिएको शर्माले बताउनुभयो । यससँगै काँग्रेसको सातै वटा प्रदेश अधिवेशनका लागि नेता र स्थान पनि चयन गरिएको छ । प्रदेश नम्बर १ अधिवेशन विराटनगरमा गर्नेगरी कृष्णप्रसाद सिटौला, प्रदेश नम्बर २ को जनकपुरमा गर्नेगरी रमेश रिजाल, बागमती प्रदेशको हेटौंडामा गर्नेगरी प्रकाशमान सिंह, गण्डकीको पोखरमा गर्नेगरी गोपालमान श्रेष्ठ, लुम्बिनीको बुटवलमा गर्नेगरी बालकृष्ण खाँड, कर्णालीको सुर्खेतमा गर्नगरी जीवन बहादुर शाही र सुदूरपश्चिम प्रदेशको धनगढीमा गर्नेगरी दिलेन्द्रप्रसाद बडुलाई जिम्मा दिइएको छ । काँग्रेसको प्रदेश अधिवेशन मंसिर १६ र १७ गते हुने जनाइएको छ ।




राष्ट्रिय जनगणना २०७८ किन ?

- सरकारी सेवा सुविधामा पहुँच र गरिबी निवारण कार्यक्रम तर्जुमा गर्न,
- विपद् जोखिमको योजना बनाउन,
- विविधतामा एकता कायम गर्न,
- लैंगिक तथा सामाजिक समावेशीकरणको अवस्थाबारे जान्न,
- बैवाहिक अवस्था पत्ता लगाउन,
- प्रजनन, सुरक्षित गर्भावस्था, शिशु मृत्युदर र मातृ मृत्युदरको अवस्था थाहा पाउन,
- अपांगता भएका व्यक्तिको अवस्थाजान्न,

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकाश मिडिया प्रा.लि.का लागि: प्रकाशक: द्रोणबहादुर बस्नेत, सम्पादक : ब्रबिम बस्नेत, प्रधान सम्पादक, मोहन कार्की ९८६१५८८४५६,९८५१०८७१५६ कम्प्युटर: जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार, काठमाडौं, ०१-४१६७५७८, पोष्ट बक्स नं. १६५६, E-mail: jana.news2065@gmail.com, मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस